विविधताले राष्ट्रिय एकताको भावनालाई सुदृढ बनाउछ... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २७ •अंक ३७ • २०८२ साल असार १२ गते विहीबार (26 June, Thursday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## माधव नेपाल धरौटीमा रिहा



**टुडे समाचारदाता**

काठमाण्डु । पूर्वप्रधानमन्त्री माधवकुमार नेपाललाई विशेष अदालतले ३५ लाख रुपैयाँमा धरौटीमा छोड्ने आदेश गरेको छ । पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनीलाई हदबन्दी छुटमा जग्गा दिने निर्णय गराएर आर्थिक अपचलन गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दायर गरेको मुद्दाको बुधबार बयान र थुनछेक बहस सकिएसँगै उनलाई धरौटीमा छाड्ने आदेश आएको छ ।

विशेष अदालतका सदस्यहरू तेजनारायण सिंह राई, रामबहादुर थापा र विदुर कोइरालाको इजलासमा नेपाललाई धरौटीमा छाड्ने आदेश गरेको छ ।

बहसको क्रममा अख्तियारका तर्फबाट निजी कानुन व्यवसायी वरिष्ठ अधिवक्ता सुशील पन्त, विशेष सकारी वकिलको कार्यालय प्रमुख मोहन सागर बस्याल, भगवनी देवी गौतम, उमाकान्त पौडेल र ज्ञानप्रसाद भुसालले बहस गरेका थिए ।

त्यस्तै नेपालको तर्फबाट बहस गरेका वरिष्ठ अधिवक्ता शम्भु थापासहितले माधव नेपालले भ्रष्टाचार नगरेको र मन्त्रिपरिषद्को निर्णय भएकोले उनलाई आरोपित भन्नु गलत हुने बताए ।

जेठ २२ गते १८ करोड रुपैयाँको बिगोसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेकपा एकीकृत समाजवादीका अध्यक्षसमेत रहेका नेपाललाई पनि प्रतिवादी बनाएर विशेष अदालतमा मुद्दा दायर गरेको थियो ।

०६९ सालमै अख्तियारले ५ वर्षमा क्षतिपूर्ति गर्ने भनिएको जग्गासम्बन्धी नियमित अनुगमन गर्न काभ्रेपलाञ्चोकमालपोतकार्यालयलाई निर्देशन दिँदै उजुरी तामेलीमा राख्ने निर्णय गरेको थियो। त्यसको १३ वर्षपछि अख्तियारले नेपालविरुद्ध मुद्दा चलाउने निर्णय गरेको थियो ।

नेकपा एकीकृत समाजवादीका अध्यक्षसमेत रहेका नेपालको बयान विशेष अदालतका सदस्यहरू तेजनारायण सिंह राई, रामबहादुर थापा र विदुर कोइरालाको इजलासमा भएको छ ।

### एसपी पछि डीएसपी पनि कारबाहीको दायरामा

## मधेश प्रहरी कार्यालयबाट छानबिन शुरु, एसपी नेतृत्वको टोली सप्तरीमा

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको प्रहरी प्रमुख एसपी डकेन्द्र खतिवाडा कारबाहीमा परेको तीन दिन नवित्दै निमित्त प्रमुख बनेका प्रहरी नायव उपरीक्षक(डीएसपी) जितेन्द्र कुमार बस्नेतपनि कारबाहीमा पर्ने भएको छ ।

एसपी खतिवाडा गाँजा तस्करसित १० लाखमा 'सेटिंग' मिलाएको आरोप लागेपछि उनलाई प्रहरी प्रधान कार्यालयले तानेको छ ।

एसपी तानिएको तीन नवित्दै निमित्त प्रहरी प्रमुख बनेका डीएसपी बस्नेत कारबाहीको दायरामा परेका छन् । सप्तरी जिल्ला प्रहरी परिसरमा डीएसपी बस्नेतको निवासमा एकजना प्रहरी निरीक्षक ( इन्सपेक्टर) को जन्म उत्सवमा आयोजित रात्रिकालीन भोजमा एकजना आकाश आदर्शले बलात्कारको आरोपमा सफाई पाएको दुई दिन नवित्दै त्यस भोजमा सहभागी भएका थिए ।

गत जेठ महिनाको ६ गतेको घटना भए पनि असार १० गते मात्र भिडियो बाहिरिएको थियो । फोटोमा डीएसपी बस्नेत, जन्मदिन परेका इन्सपेक्टर मनीष श्रेष्ठ र आकाश आदर्श प्रष्ट देखिन्छ ।

अदालतबाट सफाई पाए पनि बलात्कार जस्तो जघन्य अपराधको आरोप लागेका व्यक्ति अनुसन्धान अधिकृतसँग भोजभतेर गरेर खुशियाली मनाउनु रहस्यमय भएको बताइन्छ । बलात्कारको आरोपमा सफाई पाएका आकाश आदर्श घटनाको अनुसन्धान अधिकृत इन्सपेक्टर श्रेष्ठ रहेका थिए । हाल उनी सरुवा भएर चितवन जिल्ला गएका छन् ।

जवर्जस्ती करणीको मुद्दामा सफाई पाएलगत्तै आरोपीले अनुसन्धान अधिकृतसँगै पार्टी मनाएको विषयमा मधेश प्रदेश प्रहरी कार्यालयले छानबिन थालेको छ । फोटोबाट प्रारम्भिक दृष्टिकोणमै प्रहरीको आचरण



विपरीतको कार्य भएको देखिएकोले अनुसन्धान थालिएको मधेश प्रहरी कार्यालयले जनाएको छ ।

मधेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक(डीआईजी) उमाप्रसाद चतुर्वेदीले छानबिनका लागि प्रहरी उपरीक्षक (एसपी) नारायण रञ्जितकारको नेतृत्वमा ३ सदस्यीय टोली गठन गरिएको बताएका छन् । 'अनुसन्धान टोलीले बिहीबार सप्तरी पुगेर विस्तृत छानबिन थाल्नेछ' उनले भने, छानबिनमा कमजोरी देखिए कारबाहीका लागि सिफारिस गरिनेछ ।

'प्रहरीले मुद्दाको कुनै पक्षसँग अतिरिक्त लाभ वा सामीप्यता देखाउने कुरा स्वभाविक होइन, के उद्देश्यले त्यसो गरियो भन्ने विषयमा छानबिन गर्न समितिलाई जिम्मेवारी दिएको छु', डीआईजी चर्तुवेदीले भने, 'अझ अदालतमा मुद्दा विचाराधीन नै रहेका बेला त्यस्तो भेटघाट भएको छ भने त्यो झनै अशोभनीय र नीति विपरीत भएकाले विभागीय कारबाही हुन्छ ।'

डीआईजी चतुर्वेदीले छानबिन समितिले दिने प्रतिवेदन अनुसारको प्रक्रिया अगाडि बढ्ने बताउँदै प्रहरी आचरण विपरीतको कार्य देखिएकोले छानबिन समिति गठन गरिएको बताएका छन् ।

प्रहरी महानिरीक्षक (आईजीपी) दीपक थापाले जवर्जस्ती करणीको मुद्दामा सफाइ पाएको भोलिपल्टै आरोपीले जिल्ला प्रहरी कार्यालय सप्तरी परिसरमा रहेको डीएसपी निवासमा 'सेलेब्रेसन' गरेको विषयलाई 'नोटिसमा लिएको' बताएका छन् ।

प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा बुधबार जवाफ दिँदै आईजीपी थापाले सो घटना आफ्नो नोटिसमा लिएको बताए ।

उक्त घटनाबारे प्रहरी प्रधान कार्यालयले छानबिन गर्ने बताउँदै आईजीपी थापाले समितिमा भने, ' मधेश प्रदेशमा कार्यरत रहेका डिआइजी साहेबलाई छानबिनका लागि हेर्नु भनेको छु । यसलाई नोटिसमा लिएर प्रहरी प्रधान कार्यालयले छानबिन गर्दैछ ।'

प्रहरी अनुसन्धानका आधारमा सरकारी वकिलले २० कात्तिक २०८१ मा राजविराज नगरपालिका- ६ का आकाश आदर्श विरुद्ध सप्तरी जिल्ला अदालतमा बलात्कार मुद्दा दायर गरेको थियो । जेठ ४ गते जिल्ला न्यायाधीश रोमनाथ अधिकारीको इजलासले उनलाई सफाइ दिएको थियो ।

बलात्कारको मुद्दामा सफाइ पाएको दोस्रो दिन जेठ ५ गते राजविराज नगरपालिका-६ का आकाश आदर्श अनुसन्धान अधिकृत तोकिएका इन्सपेक्टर मनिष श्रेष्ठसँग देखिएका थिए ।

प्रहरी अधिकृतहरुसँगै आकाश आदर्शको फोटोहरु सार्वजनिक भएपछि प्रहरीले अनुसन्धानको क्रममा आकाश आदर्शसित रकमको लेनदेन गरी मुद्दालाई कमजोर बनाएको आरोप लागेको छ ।

प्रहरी अनुसन्धानकै आधारमा बलात्कार मुद्दा दर्ता हुने भएकाले त्यहाँ नै प्रमाणित हुने आधारहरु नष्ट गरी कमजोर बनाइएकोले आकाश आदर्श सफाई पाएको बताइएको छ । अनुसन्धान अधिकृत रहेका इन्सपेक्टर श्रेष्ठ र डीएसपी बस्नेत आरोपी आकाश आदर्शसित पहिले नै मिलोमतो गरेको बताइन्छ ।

सप्तरी जिल्लामा यस अघि पनि एसपी र डीएसपीहरुको आर्थिक लेनेदेनको आरोप लागेपछि सरुवा भएको थियो ।






# रौतहटमा एकैदिनमा १३ प्रतिवादी पक्राउ

**टुडे समाचारदाता**

रौतहट । जिल्ला प्रहरी कार्यालय रौतहट तथा मातहतका युनिटहरुले एकैदिनमा १३ जना




फरार प्रतिवादी लाई पक्राउ गरेको छ । फैसला कार्यान्वयन अन्तर्गत अदालतबाट दण्ड जरिवाना तोकिएर लामो समय देखि लुकिछिपी बसेका १३ जना प्रतिवादी लाई मंगलवार जिल्लाको बिभिन्न स्थानबाट पक्राउ गरिएको जिल्ला प्रहरी प्रमुख एसपी नेत्र मणि गिरीले बताएका छन् । पक्राउ पर्नेमा जालसाजी मुद्दाका अभियुक्त बीना कुमारी, मनिष कुमार साह, सनी कुमार साह, प्रीति कुमारी साह, चोरी मुद्दाका सरुप महतो, अखिलेश यादव, मुरतुजा अन्सारी, रहेका छन् ।

त्यसैगरि ठगी मुद्दाका रामशंकर साह, लागूऔषध मुद्दाका लखेन्द्र ठाकुर, बैंकिंग कसुरमा अभिमन्यु कुमार उपाध्याय, सवारी अंगभंगका रोहित साह कलवार, सवारी ज्यानका मनोज राम र कुटपिट मुद्दाका लालबाबु साह रहेको जिल्ला प्रहरी प्रवक्ता डीएसपी दीपक कुमार रायले बताए ।

पक्राउ परेका सबैजना प्रतिवादीलाई कैद तथा जरिवाना असुलको लागि मंगलबार जिल्ला अदालत रौतहटमा उपस्थित गराईएको प्रहरीको सूचनामा उल्लेख गरिएको छ ।

# संसदीय समितिमा सर्वसम्मत पारित भएका विधेयकमाथि छेडखानी नहोस्: अध्यक्ष दाहाल

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष तथा प्रमुख प्रतिपक्षी दलका नेता पुष्पकमल दाहाल 'प्रचण्ड' ले संसदीय समितिबाट सर्वसम्मत रूपमा पारित भएका विधेयकहरू प्रतिनिधिसभामा पेस हुँदा चलखेल र छेडखानी हुने प्रवृत्तिप्रति गम्भीर चिन्ता व्यक्त गर्नुभएको छ । प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिको बुधबारको बैठकमा उहाँले नेपाल प्रहरीसम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयकमाथिको छलफलमा सहभागी हुँदै उक्त टिप्पणी गर्नुभएको हो ।



अध्यक्ष दाहालले समितिबाट सर्वसम्मत पारित भइसकेका केही विधेयकहरू प्रतिनिधिसभामा कार्यसूचीमा राखिए पनि अन्तिम समयमा हटाइएकोप्रति असन्तुष्टि व्यक्त गर्दै त्यसो नगर्न आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "हामीले धैरै मेहनत गरेर सदनमा ल्याएका र समितिबाट सर्वसम्मत पारित गराएका विधेयकहरू कार्यसूचीबाट हटाउने प्रवृत्ति देखिएको छ, यस्तो चलखेल नहोस् भन्ने हाम्रो आग्रह हो ।"

सङ्घीय निजामती सेवा र विद्यालय शिक्षाजस्ता महत्त्वपूर्ण विधेयकहरू कार्यान्वयनका लागि अत्यावश्यक भएको भन्दै अध्यक्ष दाहालले यसमा सरकार र समितिका सभापतिको ध्यानाकर्षण गराउनुभयो । उहाँले थप्नुभयो, "संवेदनशील विधेयकहरू टारिनेतिर लागियो भने हामी चुप लाग्दैनौँ ।"

अध्यक्ष दाहालले प्रहरीसम्बन्धी विधेयकलाई समय सान्दर्भिक, व्यापक छलफल र अधिकतम परिमार्जनसहित पारित गर्नुपर्नेमा समेत जोड दिनुभयो । उहाँका अनुसार विधेयक तयार पार्दा अघिल्ला बहसहरू, सरोकारवालाको राय र सङ्घीयताको मर्मलाई मध्यनजर गरिनुपर्छ ।


"यो विधेयक ढिला भए पनि आएकोमा सरकारलाई धन्यवाद दिन्छु । तर अब यसको परिमार्जन र समुचित प्रक्रिया सुनिश्चित गरेर अघि बढाउनु आवश्यक छ", उहाँले भन्नुभयो । उहाँले सङ्घीयताको प्रभावकारी कार्यान्वयनमा देखिएको अन्योल हटाउन कानुनी आधार निर्माणमा सबै दलले सहकार्य गर्नुपर्नेमा पनि जोड दिनुभयो ।

अध्यक्ष दाहालको चेतावनीसँगै बैठकमा सहभागी अन्य सांसदहरूले पनि समितिबाट सर्वसम्मत रूपमा पारित भएका विधेयकहरूमा अनावश्यक हस्तक्षेप स्वीकार नहुने धारणा व्यक्त गर्नुभयो ।रासस

# पेट्रोलियम पदार्थ आयातबाट ७३ अर्ब राजस्व सङ्कलन

वीरगञ्ज । वीरगञ्ज भन्सार कार्यालयले चालु आर्थिक वर्ष २०८१/८२ को ११ महिनामा सबैभन्दा धैरै राजस्व पेट्रोलियम पदार्थको आयातबाट रु ७३ अर्ब १८ करोड सङ्कलन गरेको छ ।

कार्यालयले चालु आवको ११ महिनामा पाँच थरिका पेट्रोलियम पदार्थ आयात गर्न रु एक खर्ब ७४ अर्ब नौ करोड रकम खर्चिएको छ । आयातबाट प्राप्त कुल राजस्वमा मुख्य २० वस्तुबाट प्राप्त राजस्वको योगदानमा पेट्रोलियम पदार्थको हिस्सा भने ४६ दशमलव ४३ प्रतिशत रहेको छ ।



वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले वीरगञ्ज भन्सारको राजस्वको मुख्य आधार नै पेट्रोलियम पदार्थ र सवारीसाधनको आयातबाट प्राप्त हुने राजस्व रहेको बताउनुभयो । त्यस्तै, दोस्रो धैरै राजस्व भने यातायात साधन र तिनका पार्टपुर्जा आयातबाट रु १७ अर्ब ७० करोड रकम प्राप्त भएको छ । आयातबाट प्राप्त राजस्वमा यातायातको साधन र पार्टपुर्जाको हिस्सा भने ११ दशमलव २३ प्रतिशत छ ।

त्यसैगरी, फलाम तथा फलामबाट बनेका सामानबाट रु पाँच अर्ब ७८ करोड राजस्व सङ्कलन गरेको छ । मेसिनरी तथा पार्टपुर्जा आयातबाट रु पाँच अर्ब २६ करोड सङ्कलन गरेको छ । इलेक्ट्रिक मेसिनरी, उपकरण र तिनका पार्टपुर्जा आयातबाट रु तीन अर्ब ६७ करोड सङ्कलन गरेको प्रमुख भन्सार प्रशासक लामिछानेले बताउनुभयो ।

चालु आवकै ११ महिनामा सबै प्रकारका कपडा आयातबाट रु तीन अर्ब छ करोड राजस्व सङ्कलन भएको छ ।

सोही अवधिमा सुर्ती र सुर्तीजन्य पदार्थको आयातबाट रु दुई अर्ब ५८ करोड, शृङ्गारका सामान आयातबाट रु दुई अर्ब ५२ करोड, प्लास्ट्रिकका कच्चा पदार्थ आयातबाट रु दुई अर्ब ३२ करोड तथा अन्य लुब्रिकेटङ्ग आयलको आयातबाट रु दुई अर्ब १९ करोड राजस्व सङ्कलन भएको प्रमुख भन्सार प्रशासक लामिछानेले जानकारी दिनुभयो ।रासस

# लागूऔषधसहित ई-रिक्सा चालक पक्राउ

**टुडे समाचारदाता**

रौतहट । सीमावर्ती भारतियबजारबाटलागूऔषधसहित खरीद गरी ई-रिक्सामा लुकाई छिपाई आएका चालकलाई रौतहट प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटको टोलीले गौर नगरपालिका-३ स्थित बीपी चोकमा शंका लागि जाँच गर्दा लागूऔषध लुकाएर ल्याउँदै गरेको अवस्थामा ना १ ह ७८९३ नम्बरको ई-रिक्सा चालक चन्द्रपुर नगरपालिका-४ का २७ वर्षीय अजय बिकलाई नियन्त्रणमा



लिएको छ । उक्त नम्बरको ई-रिक्सा चलाएर आएका बिकको साथबाट फेनारगन ११० पिस, डाइजापाम ४७ पिस, बुप्रेनर्फिन ११० पिस र कोरेक्स ६३ पिस लागुऔषध बरामद गरिएको जिल्ला प्रहरी प्रवक्ता तथा डिएस्पी दीपक कुमार रायले बताए ।

ई-रिक्सा सहित पक्राउ परेका बिकलाई जिल्ला प्रहरी कार्यालय रौतहटमा राखी थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ । पक्राउ गरिएको स्थान बीपी चोक जिल्ला प्रहरी कार्यालयबाट करिब १ किलोमिटर पश्चिम उत्तरतर्फ पर्छ । प्रहरीले लागूऔषध ओसारपसार तथा प्रयोग नियन्त्रण गर्न कडा निगरानी राखिएको जनाएको छ ।

# 'सुरक्षित र मर्यादित आप्रवासन हाम्रो साझा प्रतिबद्धता'

काठमाण्डु । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले सुरक्षित र मर्यादित आप्रवासनका लागि साझा प्रतिबद्धता व्यक्त गर्न आह्वान गर्नुभएको छ ।

बुधबार आयोजित सुरक्षित, मर्यादित र व्यवस्थित आप्रवासनका लागि आयोजित एसिया गल्फ कोअपरेसन कन्ट्री र एसिया (जिसिसी) संवादको उद्घाटन सत्रमा उहाँले सुरक्षित, व्यवस्थित र नियमित आप्रवासनको कार्यान्वयनमा सबै साझेदार राष्ट्रहरूलाई सहयोग र सहकार्यका लागि आह्वान गर्नुभयो ।

मन्त्री भण्डारीले अन्तरराष्ट्रिय आप्रवासन सङ्गठन तथा सहभागिता जनाउने सबै प्रतिनिधिहरूप्रति आभार व्यक्त गर्दै यस संवादले आप्रवासनसम्बन्धी साझा दृष्टिकोण, मानवीय गरिमा र मानवअधिकारका मूल्यलाई अघि बढाउन सहयोग पुऱ्याउनेमा विश्वास व्यक्त गर्नुभयो ।

नेपालजस्ता श्रम आपूर्ति गर्ने मुलुकहरूको दृष्टिकोण प्रस्तुत गर्दै श्रम पठाउने र श्रम आमन्त्रित गर्ने राष्ट्रहरूबीचको आपसी बुझाइ बलियो बनाउन यस्ता संवादहरू अपरिहार्य रहेको उहाँको भनाइ थियो । मन्त्री भण्डारीले जीसीएमका २३ उद्देश्यहरूलाई कार्यान्वयन गर्दै सबै राष्ट्रहरूलाई न्यूनतम मानव अधिकार सुनिश्चित गर्नुपर्नेमा समेत जोड दिनुभयो ।

नेपालबाट लाखौं आप्रवासी श्रमिकहरूले जिसिसी राष्ट्रहरूको समृद्धिमा योगदान दिँदै आएको चर्चा गर्दै मन्त्री भण्डारीले आप्रवासी श्रमिकहरूलाई श्रमिक मात्र नभई विकासका साझेदारका रूपमा हेर्नु पर्ने धारणा राख्नुभयो ।

उहाँले जीसीएमको उद्देश्य १८ को चर्चा गर्दै सीप विकास र आपसी मान्यताको महत्व औँल्याउनुभयो । उहाँले एसिया-जिसिसी सीप मान्यता ढाँचा निर्माणको प्रस्ताव अघि सार्दै दक्ष जनशक्तिको सुगम प्रवाहमा सहयोग पुऱ्याउने विश्वास व्यक्त गर्दै गर्नुभयो । मन्त्री भण्डारीले एसिया-जिसिसी संयुक्त कार्यदल गठन गरी नीति समन्वय गर्दै ठगी नियन्त्रण गर्न आवश्यक रहेको समेत बताउनुभयो ।

उहाँले जिसीसी राष्ट्रहरूसँग संयुक्त पुनःएकीकरण कोष स्थापना गरी फर्किएका श्रमिकलाई सीप प्रयोगमा लगाएर विकासका अगुवा बनाउने प्रस्ताव अघि सार्नुभयो । मन्त्री भण्डारीले सहकार्यका लागि तीनवटा कार्यान्वयन योग्य प्रस्तावहरू अघि सार्नुभएको थियो ।

"जिसिसी राष्ट्रहरूमा कार्यरत हाम्रा श्रमिक केवल श्रमिक मात्र होइनन", उहाँले भन्नुभयो, "उनीहरू हाम्रो साझा मूल्यका दूत हुन् ।रासस

# फरार चालक पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । चार दिनअघि काभ्रेमा स्कुटर चालकलाई ठक्कर दिएर भागेका गाडीका चालकलाई प्रहरीले धनुषाबाट पक्राउ गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय काभ्रेका अनुसार घटनापछि फरार रहेका २४ वर्षीय विपिन यादव धनुषाको जनकपुर उपमहानगरपालिका-२ बाट पक्राउ परेका छन् ।

यादवले चलाएको ना.४ च ५९४५ नम्बरको योद्धा गाडीले यही असार ७ गते बनेपा नगरपालिमन- ७ गोदामचोक नजिकै ठक्कर दिँदा काभ्रेको तेमाल गाउँपालिका-१ घर भइ हाल बनेपा बसपार्क नजिक डेरा गरेर बस्ने ४५ वर्षीय ज्ञानध्वज तामाङको मृत्यु भएको थियो ।



यादवले चलाएको गाडीले बा.प्र.०२-०२३ प ६०२३ नम्बरको स्कुटरलाई ठक्कर दिँदा तामाङ गम्भीर घाइते भएका थिए । उनको शिर मेमोरियल अस्पताल बनेपामा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनापछि फरार रहेका यादवलाई लुकिछिपी बसेको अवस्थामा घटनाको तीन दिनपछि पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

उनलाई प्रहरीले जिल्ला अदालत काभ्रेबाट पाँच दिनको म्याद थप गरेर अनुसन्धान तथा कारबाही प्रक्रिया अघि बढाइएको छ ।

# अर्थतन्त्र चलायमान बनाउन महिलाको भूमिका महत्त्वपूर्ण : उपप्रधानमन्त्री सिंह

काठमाण्डु । उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले देशको अर्थतन्त्र चलायमान बनाउन महिलाको भूमिका महत्त्वपूर्ण हुने बताउनुभएको छ ।

काठमाडौँ महानगरपालिका-१० बानेश्वरमा बुधबार आयोजित कार्यक्रममा उहाँले अर्थतन्त्रको विकासमा महिलाको भूमिका महत्त्वपूर्ण हुने बताउनुभयो । उहाँले आधुनिक प्रविधिको प्रयोग गर्दै स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरण गर्नुपर्नेमा जोड दिनुभयो ।

उपप्रधानमन्त्री सिंहले नेपालको महिला आन्दोलनकी शीर्ष नेत्री मङ्गलादेवी सिंहले महिलालाई मताधिकारसँगै शिक्षा र सम्पत्तिको हक, नीतिगत तहमा सहभागिताको सुनिश्चिततासँगै महिलाको आर्थिक अधिकारका लागि आवाज उठाएको स्मरण गर्नुभयो ।

"देशको अर्थतन्त्र चलायमान बनाउन महिलाको योगदान महत्त्वपूर्ण छ", उपप्रधानमन्त्री सिंहले भन्नुभयो । काठमाडौँ महानगरपालिका-१०बानेश्वरकास्थानीय महिलाको सीप विकास र आयआर्जन वृद्धिका लागि मङ्गलादेवी सिंह फाउन्डेसनले प्रदान गरे । रासस

## विमालेख हरायो

मेरो निम्न ब्यहोरा भएको सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि. को विमा लेख मिति २०८२/०२/१८ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम : विवेक कुमार**
**विमालेख नं.:३०२०००००१७३**
**ठेगाना: कवही जब्दी-५, महागढीमाई नगरपालिका**

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

**मेष :** विपरीत लिङ्गी साथीबाट काम गर्ने प्रेरणा, होसला प्राप्त होला ।
**वृष :** धेरै समयदेखि रोकिएका कार्यहरु पुनः सुचारु होलान् ।
**मिथुन :** आलस्यता बढ्नाले कार्य सम्पादन प्रभावित होला ।
**कर्कट :** कलासाहित्यमा रुचि बढला । राज्य पक्षबाट साथ सहयोग प्राप्ति होला ।
**सिंह :** आफूले गरेको कार्यमा आत्मसन्तुष्टि प्राप्त होला ।
**कन्या :** चिठ्ठा, शेयर जस्ता क्षेत्रमा गरेको लागनीले अपेक्षाकृत नतिजा नदेला ।
**तुला :** अप्ठयारोमा साथ दिने आफन्तको अभाव खट्किएला ।
**वृश्चिक :** धर्मकर्ममा रुचि बढ्ला । सामाजिक कार्यमा जस वा सफलता प्राप्त होला ।
**धनु :** तार्किक बोलीको उच्च प्रभाव पर्ला । शुभ कार्यको यत्रतत्र चर्चा चल्ला ।
**मकर :** नयाँ विषयवस्तु ज्ञान आर्जन गर्ने अवसर मिल्ला ।
**कुम्भ:** सामाजिक मान सम्मानमा खलबल आउन सक्छ ।
**मीन :** ठीक समयमा उचित निर्णय गर्न सकिएला ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



जनकपुरधामस्थित सीता-राम विवाह मण्डपको उत्तरी पर्खालमा भगवान् राम-सीताको जन्मदेखि विवाहसम्मको पौराणिक कथा झल्काउने मिथिला चित्र कोर्दै स्थानीय मिथिला कलाकारहरू। *तस्बिरः अमरेन्द्रकुमार यादव*

# आन्तरिक विवादले धनुषाका छ पालिकाले बजेट ल्याउन सकेनन

जनकपुरधाम । स्थानीय तहले असार १० गते सभा सम्पन्न गर्नुपर्ने प्रावधानअनुसार गाउँ तथा नगरसभाबाट बजेट ल्याउनुपर्ने प्रावधान भए पनि आन्तरिक विवादका कारण यहाँका छ स्थानीय तहले आगामी आर्थिक वर्षको बजेट नै ल्याउन सकेका छैनन्।

बजेट ल्याउन नसकेका स्थानीय तहमा मिथिला नगरपालिका, क्षिरेश्वरनाथ नगरपालिका, नगराइन नगरपालिका, कमला नगरपालिका, हंसपुर नगरपालिका र औरही गाउँपालिका रहेका छन् । यी स्थानीय तहले बजेट तयारी नपुगेको, आन्तरिक विवाद, जनप्रतिनिधिबीचको मतभेद र कार्यपालिका सदस्यको अनुपस्थितिका कारण समयमै बजेट पेश गर्न नसकेको जनाएका छन् ।

नगराइन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामगुलाम लाल कर्णले नगर अधिवेशनको लागि बोलाइएको कार्यपालिका बैठकमा १९ जना सदस्यमध्ये उपप्रमुखसहित १३ जनाको अनुपस्थित रहेकाले बजेट पेस गर्न नसकिएको बताउनुभयो । उहाँका अनुसार कार्यपालिका बैठक नै नबस्दा नगरसभामा बजेट पेस गर्न नसकिएको हो ।

त्यस्तै अन्य स्थानीय तहमा पनि प्रमुख तथा उपप्रमुखबीचको समन्वय अभाव, कार्यपालिका सदस्यको असहयोग र विभिन्न विकास योजना तथा बजेट शीर्षकमा मतभेदका कारण निर्धारित समयभित्र बजेट पेस हुन नसकेको बताइएको छ ।

केही स्थानीय तहमा राजनीतिक विवादका कारण निर्धारित समयमा बजेट पेस नहुनु गम्भीर समस्या भएको क्षीरेश्वरनाथ-५ महेन्द्रनगरका युवा रोहित खनालले बताउनुभयो । समयमै नीति, कार्यक्रम तथा बजेट नल्याउँदा सार्वजनिक सेवा प्रवाह, विकास आयोजना जस्ता महत्वपूर्ण काममा असर पर्न सक्ने उहाँको भनाइ छ ।

यस्तै मिथिला बिहारी, बटेश्वर, मुखियापट्टी मुसहरनिया, जनकनन्दनी, विदेह र जनकपुरधाम नगरपालिकाले मङ्गलबार बजेट सार्वजनिक गरेका छन् भने लक्ष्मिनियाँ, धनुषाधाम, गणेशमान चारनाथ, सहिदनगर र धनौजी नगरपालिकाले भने त्यसअघि नै आफ्नो नीति, कार्यक्रम तथा बजेट पेस गरिसकेको छन् ।

# सर्लाहीको बागमती नगरपालिकाले ल्यायो एक अर्ब तीन करोड बढीको बजेट



बरहथवा । सर्लाहीको बागमती नगरपालिकाले आगामी आर्थिक वर्षको लागि रु एक अर्ब तीन करोड २६ लाख नौ हजार ३७६ बराबरको बजेट सार्वजनिक गरेको छ ।

मङ्गलबार नगरपालिकाको दोस्रो नगरसभाको सातौँ अधिवेशनमा कार्यवाहक उपप्रमुख रूपा बोम्जनले उक्त बजेट पेस गर्नुभयो । नगरको कृषि, पर्यटन, स्वास्थ्य र शिक्षालाई प्राथमिकतामा राखेर बजेट तथा कार्यक्रम तयार पारिएको नगरका कार्यवाहक नगरप्रमुख कृष्णकुमार लामाको भनाइ छ ।

आगामी आव २०८२/८३ का लागि कूल बजेटमध्ये व्यय रु १० करोड ४६ लाख, पुँजीगत तथा कार्यक्रमतर्फ रु ७० करोड ५० लाख नौ हजार ३७६, सशर्त अनुदानतर्फ रु २१ करोड ४३ लाख, विशेष अनुदानतर्फ रु ८७ लाख अनुमान गरिएको कार्यवाहक उपप्रमुख बोम्जनले जानकारी दिनुभयो ।

अनुमानित खर्चको स्रोत नेपाल सरकार अनुदान, राजस्व बाँडफाँट, प्रदेश सरकार अनुदान, आन्तरिक आय तथा नगर विकास कोष र निजी क्षेत्र गैरसरकारी संस्थाहरू अनुमान गरिएको उहाँले उल्लेख गर्नुभयो । कृषि क्षेत्रतर्फ नगरपालिकाले यहाँ उत्पादन हुने अन्नको भण्डार निर्माणलाई पनि प्राथमिकता दिएको उहाँको भनाइ छ ।

नगरभित्र उत्पादन भएका तरकारी सङ्कलनको दिगो व्यवस्थापनका लागि सखुवनीमा संरचना निर्माणका लागि रु दुई करोड ८० लाख बजेट विनियोजन गरिएको छ । नगरमा रहेका ३५ बढी धार्मिकस्थल र नगरले निर्माण गरिरहेको बागमती माछापोखरी ९भरत ताल०लाई महत्वपूर्ण पर्यटकीय गन्तव्यका रुपमा विकास गर्ने गरी कार्यक्रम तयार गरिएको बोम्जनले जानकारी दिनुभयो ।

नगरपालिकाले अस्तित्वमा रहेका र लोपोन्मुख तथा प्रचलित भाषा संस्कृति संरक्षणको लागिसमेत कार्यक्रम तयार गरी सभाबाट अनुमोदन गरेको नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत प्रतीक भण्डारीले जानकारी दिनुभयो ।रासस

# महोत्तरीका स्थानीय तहको बजेटमा कृषिमा जोड




महोत्तरी । यहाँका स्थानीय तहले आधुनिक कृषि प्रणालीमा जोड दिएका छन् । आर्थिक वर्ष २०८२/८३ का लागि नगरसभा तथा गाउँसभाको परिषद् सम्पन्न गरेका स्थानीय तहले आफ्नो ठाउँमा समृद्धिको मुख्य आधार कृषि भएको हुँदा यसको आधुनिकीकरणसँगै स्रोत र साधनमा किसानको पहुँच बढाउने कार्यक्रम बनाएका हुन् ।

जिल्लाका १० नगरपालिका र पाँच गाउँपालिकासहित १५ स्थानीय तहमध्ये परिषद् सम्पन्न गर्ने स्वीकृत तालिका असार १० भित्र नौ नगरपालिका र पाँच गाउँपालिकासहित १४ स्थानीय तहले आआफ्नो तहको नगर तथा गाउँसभाको आर्थिक वर्ष २०८२/८३ का लागि परिषद् सम्पन्न गरेका छन् ।

जिल्लामै सबैभन्दा पहिले गत बिहीबार १५ औँ नगरसभा परिषद् सम्पन्न गरेको मटिहानी नगरपालिकाले किसानलाई कृषि ज्यावल, यान्त्रिक उपकरण, बीउ मल र नविनतम प्रविधिमा पहुँच बढाउने सङ्कल्प गरेको छ । मटिहानीले आउने आर्थिक वर्षका लागि रु ४४ करोड ५० लाखको अनुमानित आयव्ययको बजेट पारित गरेको छ ।

यसैगरी गत शुक्रबार गाउँसभाको १३ औं परिषद् सम्पन्न गरेको महोत्तरी गाउँपालिकाले कृषिलाई पहिलो प्राथमिकता दिँदै वैकल्पिक सिँचाइ कार्यक्रमलाई जोड दिएको छ । जिल्लाका मनराशिशवा, रामगोपालपुर र भङ्गाहा नगरपालिकाका नगरसभा परिषद् सोमबार सम्पन्न भएका छन् ।

यस्तै एकडारा र पिपरा गाउँपालिकाको गाउँसभा परिषद् पनि सोमबार नै सम्पन्न भएका छन् । यस्तै बर्दिबास, गौशाला, बलवा र औरही नगरपालिका तथा सोनमा र सम्सी गाउँपालिकाले मङ्गलबार आआफ्नो तहको नगर तथा गाउँसभाको परिषद् सम्पन्न गरेका छन् । आआफ्नो तहको गाउँ तथा नगरसभाका परिषद् सम्पन्न गरेका १४वटै स्थानीय तहले यसपाली आउने आर्थिक वर्ष २०८२/८३ का लागि कृषि कार्यक्रमलाई प्राथमिकता दिएका छन् ।

"मुख्य कुरा त आर्थिक समृद्धिकै हो, यो हासिल गर्न हाम्रो सम्भावना भनेको कृषि नै हो", सोमबार नगरसभाको १६ औँ परिषद् सम्पन्न गरेको भङ्गाहा नगरपालिकाका प्रमुख सञ्जिवकुमार साहले भन्नुभयो, "यो कार्यकालभित्र पानीबेगर खेती गर्न पाइएन भन्ने अवस्था अन्त्य गर्ने हाम्रो सङ्कल्प छ ।" यसका लागि वैकल्पिक सिँचाइका इनार, बोरिङ र मोटरपम्प बढाइने उहाँको भनाइ छ ।

यसैगरी मनराशिशवा नगरपालिकाका प्रमुख मोहन पाण्डेले फलफूल, तरकारी, दलहन, तेलहन र अन्नबालीको उत्पादन बढाउन माटो परीक्षण, बीउमलको उपलब्धता र प्रविधिको किसानसम्म पहुँच बढाउन योजनाबद्ध काम गरिने बताउनुभयो । यस्तै गौशाला, औरही, बलवा र बर्दिबास नगरपालिका तथा सोनमा गाउँपालिकासहितका स्थानीय तहले पनि कृषि क्षेत्रलाई नीति तथा कार्यक्रममा प्राथमिकतामा राखेका छन् ।

निर्धारित समयसीमा (असार १० भित्रै) आआफ्नो तहको नगर तथा गाउँसभाका परिषद् सम्पन्न गरेका स्थानीय तहका जनप्रतिनिधिले विकासको प्रतिफल जनतासम्म पुऱ्याउने गरी कृषिलाई प्राथमिकतामा राखेर योजना बनाइने प्रतिबद्धता जनाएका छन् । "हामीले कृषिक्षेत्रका कामलाई समृद्धिसँग जोडेर प्राथमिकतामा राखेका छौँ", सम्सी गाउँपालिकाका अध्यक्ष रामनाथ यादवले भन्नुभयो ।

जिल्लाका १५ स्थानीय तहमध्ये १४ ले मङ्गलबारसम्म आआफ्नो तहको गाउँ तथा नगरसभाका परिषद् सम्पन्न गरिसकेका छन् । स्थानीय तहहरुले नीति तथा कार्यक्रम र बजेट पेस गर्ने असार १० भित्रको कानुनी व्यवस्थाको स्वीकृत तालिका छ । यसअनुसार अब जिल्लामा बजेट प्रस्तुत गर्न नसकेको जलेश्वर नगरपालिकामात्र छ ।

जिल्लाका सबैजसो स्थानीय तहले कृषि प्राथमिकताका कुरा उठाएपछि आम किसानमा केही आशा पलाएको छ । मुख्य कुरा सिँचाइको प्रबन्ध, बीउमल र प्रविधिमा ध्यान दिनसके आफ्ना दिन फिर्ने सपना सँगालिएको बर्दिबास-९ पशुपतिनगरका किसान महेन्द्र महतो बताउनुहुन्छ । "कृषिलाई प्राथमिकतामा राखिएको त सुन्यौ, यो कागजमा सीमित नहोस्, हामीसम्म आइ पुगोस्", महतोले भन्नुभयो ।रासस

# बाफिया विधेयकमा पुनर्लेखन आवश्यक नरहेको समितिलाई अर्थको जवाफ

काठमाण्डु । बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ (बाफिया) लाई संशोधन गर्न बनेको विधेयकमा पुनर्लेखन आवश्यक नरहेको भन्दै अर्थ मन्त्रालयले अर्थ समितिलाई पत्र पठाएको छ ।

हाल समितिमा विचाराधीन रहेको विधेयकलाई विद्यमान परिस्थितिअनुसार थप परिस्कृत बनाउन पुनर्लेखन आवश्यक भएमा त्यसको सुझाव पठाउन भनिएकोमा पुनर्लेखन आवश्यक नपर्ने भनी अर्थ मन्त्रालयबाट समितिलाई जवाफ आएको सभापति सन्तोष चालिसेले जानकारी दिनुभयो ।

"बाफिया पुनर्लेखन गर्नुपर्ने भन्दै समितिमा सुझाव आएपछि हामीले अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंकलाई पत्र पठाएका थियौँ । तर पुनर्लेखन आवश्यक नपर्ने र समितिबाटै आवश्यकताअनुसार संशोधन गरेर अघि बढ्न सकिने भनेर जवाफ आएको छ", सभापति चालिसेले आजको बैठकमा भन्नुभयो ।

यसअघि समितिले विधेयकबारे बैंकिङ क्षेत्रका विज्ञ, पूर्वबैंकर तथा बैंकहरुसँग छलफल गरेको थियो । छलफलका क्रममा विज्ञहरु बाट मात्र नभई समितिका सदस्यहरुले पनि बाफिया विधेयक संसदमा दर्ता भएको लामो समय भइसकेकाले विद्यमान भू-राजनीतिक परिवर्तन र आन्तरिक अवस्थासमेतलाई हेरेर संशोधन गर्नुपर्ने सुझाव दिएका थिए ।

सोही सुझावका आधारमा समितिले अर्थ मन्त्रालय र राष्ट्र बैंकलाई बाफिया विधेयकमा पुनर्लेखन गर्न आवश्यक भए त्यसको जानकारी दिन भनेको थियो । तर, अर्थ मन्त्रालय आफैले पुनर्लेखन नगर्ने तर समितिमा आवश्यक संशोधन गरेर अघि बढ्न सकिने बेहोराको पत्र पठाएको हो ।

यो विधेयक २०८० चैतमा संसद्मा दर्ता भएको थियो । बैंक तथा वित्तीय क्षेत्रमा दुई वर्षअघिको अवस्था र अहिले फरक रहेकाले विधेयकमा राखिएका व्यवस्थाहरु सान्दर्भिक तुल्याइनुपर्ने आवाज समितिमा उठेको थियो । बासलसम्बन्धी प्रावधानहरु परिवर्तन भएको र राष्ट्र बैंकले पनि पछिल्लो समय लिएका नीतिहरुलाई अहिलेको विधेयकले नसमेटेका कारण मस्यौदा संशोधन आवश्यक रहेको धारणा विज्ञहरुबाट समेत आएको थियो ।

त्यस्तै, नेपालमा अनौपचारिक अर्थतन्त्रको आकार निकै ठूलो रहेको परिप्रेक्ष्यमा यसलाई घटाउनका लागि बाफियाले कसरी भूमिका खेल्न सक्छ भनेर सोच्नुपर्ने सुझावसमेत समितिमा आएका थिए ।रासस

# सिरहा नगरपालिकाबाहेकका पालिकाको नीति तथा कार्यक्रम र बजेट पेस




सिरहा । यहाँको सिरहा नगरपालिकाले आर्थिक वर्ष २०८२/०८३ का लागि नीति तथा कार्यक्रम र बजेट ल्याउन सकेको छैन ।

कानुनी व्यवस्थाअनुसार असार १० गतेसम्म ल्याउनैपर्ने बजेट जिल्ला सदरमुकामसमेत रहेको सो नगरपालिकाले नगरसभा गर्न नसक्दा आगामी आवको नीति तथा कार्यक्रम र बजेट ल्याउन नसकेको हो ।

नगर प्रमुख डा नवीनकुमार यादव अस्वस्थ्य रहेकाले आवश्यक तयारी नपुग्दा बजेट ल्याउन नसकिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मोहम्मद इद्रिस राइनले जानकारी दिनुभयो । प्रमुख प्रशासकीय अधिकृत राइनका अनुसार केही दिनभित्रै नगर कार्यपालिकाको बैठक बसी नगरसभाको मिति तोकिने छ ।

नीति तथा कार्यक्रम र बजेट ल्याउने पालिकामा जिल्लामै सबैभन्दा ठूलो २४ वडा रहेको लहान नगरपालिकाले रु एक अर्ब ६७ करोड ९५ लाख २८ हजारको बजेट सार्वजनिक गरेको छ ।

त्यसैगरी गोलबजार नगरपालिकाले रु ८१ करोड ८९ लाख ८९ हजार र मिर्चैया नगरपालिकाले रु ७० करोड ११ लाख ७१ हजारको बजेट ल्याएको छ ।

त्यसैगरी जिल्लाका धनगढीमाई नगरपालिकाले रु ६८ करोड नौ लाख ७४ हजार, कल्याणपुर नगरपालिकाले रु ५८ करोड ३१ लाख ३३ हजार, सुखीपुर नगरपालिकाले रु ६२ करोड ८६ लाख नौ हजार, कर्जन्हा नगरपालिकाले रु ४२ करोड ९१ लाख ११ हजारको आगामी आवको आयव्ययसहितको नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरेका छन् ।

त्यस्तै गाउँपालिकातर्फ अर्नमा गाउँपालिकाले रु ४९ करोड ९६ लाख, सखुवानन्कारकट्टी गाउँपालिकाले रु ३७ करोड ४० लाख चार हजार, औरही गाउँपालिकाले रु ४० करोड ८२ लाख नौ हजार, बरियारपट्टि गाउँपालिकाले रु ४५ करोड ६८ लाख ८१ हजार, विष्णुपुर गाउँपालिकाले ४३ करोड ९४ लाख ५१ हजार, भगवानपुर गाउँपालिकाले रु ४८ करोड ४४ लाख ३१ हजारको बजेट प्रस्तुत गरेका हुन् ।

त्यसैगरी नवराजपुर गाउँपालिकाले रु ४३ करोड ८६ लाख ७५ हजार, लक्ष्मीपुरपतारी गाउँपालिकाले रु ४३ करोड ३४ लाख ५१ हजार र नरहा गाउँपालिकाले रु ३८ करोड ८६ लाख ९५ हजारको बजेट प्रस्तुत गरेका छन् । रासस


## मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान
## जनकपुरधाम, धनुषा

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना


**सूचना प्रकाशित मितिः २०८२/०३/१२**

यस प्रतिष्ठानको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार यस प्रतिष्ठानको तपसिलका ठेक्काको लागि पेश भएका बोलपत्रमध्ये तपसिल बमोजिमका बोलपत्र न्युनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही ठहरिई उक्त बोलपत्रपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ उक्त बोलपत्रको कार्यमा सहभागी सबै बोलपत्रदाताहरुका लागि आशयको सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र. स. | प्रकाशन मिति | ठेक्का नं. | छनोट भएको दर भाउपत्रदाताको नाम | सबैभन्दा कम कबोल अंक (VAT सहित) |
|---|---|---|---|---|
| 1. | 20/4/2025 | MIHS/NCB/GOODS/2081-82/2, The Procurement of Supply and delivery of Neuro Drill Machine. | Hospimedic Devices private Limited, Baluwatar, Kathmandu | 21,41,350 |

**(मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान)**




अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# उखु किसानलाई अनुदान देउ

सरकारले उखु किसानलाई दिने अनुदान रोकेको छ। आगामी वर्षदेखि सरकारले उखु किसानलाई दिने अनुदान बजेटबाटै हटाएको छ। यस अघि सरकारले किसानलाई प्रति क्वीन्टल ७० रुपैयाँ अनुदान दिने गरेको थियो। सरकारी तथ्यांक अनुसार गत वर्ष नेपालमा रहेका चिनी मिलहरुले २ करोड १५ लाख क्विन्टल उखु पेलेर चिनी उत्पादन गरेको तथ्यांक छ। उखु खरिद गरे वापत चिनी मिलहरुले प्रति क्विन्टल ५ सय ८५ रुपैयाँको दरले हुने रकम किसानहरुलाई भुक्तानी गरिसकेको छ। विगतमा उखु किसानहरुको रकम चिनी मिलले कयौं वर्षसम्म भुक्तानी दिने गरेको थिएन। अहिले चिनी मिलले किसानहरुको रकम भुक्तानी गरे पनि सरकारले दिने अनुदान रोकिएको छ। गत वर्षको ८० करोड अनुदान रकम सरकारले दिन बाँकी छ। यस वर्षको कम्तिमा १ अर्ब ७ करोड रुपैयाँ अनुदान हुने बताइएको छ। गत वर्ष पनि सरकारले त्यति नै रकम अनुदानमा दिनु पर्ने थियो। तर सो रकम मध्येको आधाभन्दा बढी भुक्तानी गर्न बाँकी रहेको बताइन्छ। गत वर्षको भुक्तानी हुन बाँकी अनुदान रकम सरकारले आगामी आर्थिक वर्षमा भुक्तानी गर्ने बताएको छ। तर थप अनुदान नदिने भएकाले नै बजेटमा त्यसको व्यवस्था गरिएको छैन। किसानहरुले चिनी मिललाई बेच्ने उखु परत मूल्यमा नै रहेकाले त्यसबाट मुनाफा हुँदैन। सरकारले दिने अनुदान रोकिएपछि किसान अलपत्र पर्ने भएका छन्। एक पटक गरिएको उखु खेती तीन वर्षका लागि हुन्छ। तीन वर्षमा फेरि पुरानो उखुको जरालाई नष्ट गरेर नयाँ उखु रोपिन्छ। किसानहरुका अनुसार सरकारले बीचमै अनुदान रोकेपछि ठूलो समस्या हुने बताएका छन्। उखु किसानहरुले अनुदान रकम जारी राख्न सरकारसित छलफल गर्ने र त्यसका लागि सम्बन्धित मन्त्रालयहरुमा ज्ञापन पत्र समेत बुझाएका छन्। किसानहरुको संघर्ष समितिले प्रधानमन्त्री केपी शर्मा ओलीसित छलफल समेत गर्ने प्रयासमा छन्। उखु किसानहरुले छलफलबाट समस्याको समाधान चाहेका छन्। तर छलफलबाट निकास ननिस्के सशक्त संघर्षमा उत्रिने उनीहरुले चेतावनी दिएका छन्। कार्तिक महिनादेखि उखु तयार हुन थाल्छ। चिनी मिलहरुले पनि तयारी गरी उखु खरिद गर्न थाल्छन्। चिनी मिलहरुले खरिद गर्ने उखुको भुक्तानी अब समयमै दिन थालेको छ। त्यसबाट किसानहरुलाई ठूलो राहत भएको छ। तर सरकारले दिँदै आएको अनुदान रोकेर राम्रो गरेको छैन। देशबाट काम गर्न सक्ने जनशक्ति विदेशिने क्रम जारी छ। उखु किसानहरु पनि विदेशिने वातावरण सरकारले बनाउन हुँदैन। उखु किसानहरुलाई अनुदान देउ।

# पश्चिम एसियाको द्वन्द्व : हाम्रो अर्थतन्त्रमा संकट र सरकारको भूमिका



एमपी यादव

पश्चिम एसियामा इजरायल र इरानबिच चुलिएको तनावले अन्तर्राष्ट्रिय शान्ति र स्थिरतामाथि अभूतपूर्व चुनौती खडा गरेको छ। यो भूराजनीतिक उथलपुथलले नेपालजस्तो विप्रेषणमा अत्यधिक निर्भर र आयातमुखी अर्थतन्त्र भएको मुलुकका लागि भने ठुला आर्थिक संकटका बादल मडारिन थालेका छन्। विश्वका प्रमुख शक्ति राष्ट्रहरू समेत प्रत्यक्ष वा परोक्ष रूपमा संलग्न हुन सक्ने यस द्वन्द्वको जोखिमले सम्पूर्ण विश्वलाई चिन्तित बनाएको छ।

इरानले इजरायलमा गरेको मिसाइल हमला र विश्वव्यापी रूपमा बढ्दै गएको अनिश्चितताले नेपालको श्रम बजार, मुद्रास्फीति, विदेशी मुद्रा सञ्चिति र समग्र आर्थिक स्थायित्वमा बहुआयामिक तथा प्रत्यक्ष असर पार्ने विज्ञले चेतावनी दिएका छन्। यो केवल हाम्रा नागरिकको सुरक्षाको प्रश्न मात्र नभई राष्ट्रिय अर्थतन्त्रको जग हल्लाउन सक्ने संवेदनशील मोडमा आइपुगेको छ, जसको सामना गर्न तत्कालै दूरगामी र रणनीतिक तयारीको खाँचो छ।

नेपालमा आर्थिक प्रभाव

मध्यपूर्वमा उत्पन्न हुने सानोभन्दा सानो अस्थिरताले पनि विश्वभर प्रत्यक्ष वा अप्रत्यक्ष असर पार्ने गर्छ। तेलमा निर्भर विश्व अर्थतन्त्रलाई मध्यपूर्वको अस्थिरताले निरन्तर हल्लाउने गरेको छ र यसबाट नेपाल अछुतो रहन सक्दैन। भूमध्यसागरको किनारादेखि फारसको खाडीसम्म फैलिएको यो संवेदनशील क्षेत्रको भूराजनीतिक हलचलले नेपालजस्तो विशिष्ट आर्थिक संरचना भएको मुलुकलाई प्रभाव पार्न सक्छ।

विगत १२ वर्षमा विप्रेषणले नेपाली घर-परिवारको औसत वार्षिक खर्चलाई ६६ प्रतिशतले वृद्धि गरेको तथ्यांकले देखाएको छ। गत आर्थिक वर्षमा मात्रै १०.८६ बिलियन डलरको कीर्तिमानी विप्रेषण भित्रिएर देशको विदेशी मुद्रा सञ्चिति ऐतिहासिक उच्च बिन्दुमा पुगेको थियो, जसले मुलुकको शोधनान्तर स्थिति र बाह्य क्षेत्रलाई सुदृढ गर्न निर्णायक भूमिका खेलेको छ। यसको अर्को पाटो भनेको नेपाली अर्थतन्त्रको यो विप्रेषणमाथिको अत्यधिक निर्भरता हो, जुन हालको क्षेत्रीय द्वन्द्वको सन्दर्भमा ठुलो कमजोरी र राष्ट्रिय चिन्ताको विषय बन्न पुगेको छ।

कुल आप्रवासी नेपाली कामदारमध्ये करिब आधा (४८ प्रतिशतभन्दा बढी) पश्चिम एसियाका विभिन्न देशहरूमा कार्यरत छन्। संयुक्त अरब इमिरेट्स, साउदी अरब, कतार, कुवेत, बहराइन, ओमन र जोर्डन नेपाली कामदारका लागि प्रमुख गन्तव्य हुन्। जहाँ उनीहरूले निर्माण, सेवा, सुरक्षा र घरायसी कामदारका रूपमा काम गर्दै आफ्नो परिवार र राष्ट्रका लागि पसिना बगाइरहेका छन्।

द्वन्द्व अझै चर्किएर मध्यपूर्वका यी देशमा सुरक्षाको स्थिति बिग्रिएमा रोजगारीका अवसर तीव्र रूपमा घट्ने वा कामदारलाई बाध्यकारी रूपमा स्वदेश फर्कनपर्ने अवस्था सिर्जना हुन सक्छ। यस्तो स्थितिमा विप्रेषण आम्दानीमा अकल्पनीय र ठुलो गिरावट आउन सक्छ, जसले नेपालको विदेशी मुद्रा सञ्चितिमा प्रत्यक्ष दबाब सिर्जना गर्छ र आयात भुक्तानी क्षमतालाई कमजोर बनाउँछ। अझ महत्त्वपूर्ण कुरा, विप्रेषणमा मात्र निर्भर लाखौँ नेपाली घर-परिवारको जीवनयापनमा चरम कठिनाइ र निराशा निम्त्याउनेछ। यसले नेपाली समाजमा गहिरो आर्थिक र सामाजिक प्रभाव पार्न सक्छ, जसको असर पुस्तान्तरणसम्म पुग्ने जोखिम रहन्छ।

रोजगारी गुमाएर स्वदेश फर्कने कामदारहरूको व्यवस्थापन गर्न सहज छैन। उनीहरूका लागि आन्तरिक रोजगारी सिर्जना गर्ने ठुलो चुनौती राज्यलाई थपिनेछ। यसबाट उत्पन्न हुन सक्ने सामाजिक असन्तोष र बेरोजगारीको दरमा वृद्धिले राष्ट्रिय अर्थतन्त्रमा थप बोझ र पीडा थप्नेछ।

इजरायलको अर्थतन्त्र स्वयं द्वन्द्वका कारण तनावग्रस्त भइरहेको छ। यसले उत्पादन क्षेत्र, कर राजस्व र रोजगारी सिर्जनामा समेत असर गरिरहेको छ। यो अवस्थामा क्षेत्रीय अस्थिरताले अन्य गन्तव्यमा रहेका नेपाली कामदारको सुरक्षा र आयमा समेत प्रभाव पार्न सक्छ। कामदारहरूले भोग्ने मनोवैज्ञानिक आघात र परिवार विखण्डन पनि कम महत्त्वपूर्ण छैनन्।

मध्यपूर्व विश्वको प्रमुख तेल उत्पादक क्षेत्र हो। त्यहाँको कुनै पनि द्वन्द्व वा अस्थिरताले विश्वव्यापी तेल बजारमा प्रत्यक्ष र विनाशकारी असर पार्छ। आपूर्ति शृंखलामा अवरोध वा प्रमुख ढुवानी मार्गहरू




(जस्तै : हर्मुजको स्ट्रेट) प्रभावित भएमा कच्चा तेलको विश्वव्यापी मूल्यमा तीव्र र अनियन्त्रित वृद्धि आउँछ। आयातमा निर्भर रहेको मुलुक भएकाले बढेको तेलको मूल्यको प्रत्यक्ष र तत्काल असर नेपाली बजारमा पर्नेछ। हामी तेल भारतबाट आयात गरे पनि भारत स्वयं विश्व बजारको मूल्यबाट प्रभावित हुन्छ, जसको असर हामीमा पर्छ।

इन्धनको मूल्य वृद्धिले यातायात लागतमा सोझो वृद्धि ल्याउँछ जसले कृषि उत्पादन, औद्योगिक वस्तुहरू र दैनिक उपभोग्य सामग्रीहरूको मूल्यमा समेत वृद्धि ल्याउँछ। यो 'आयातीत मुद्रास्फीति'को सीधा प्रभाव हो जसले उपभोक्ताको क्रयशक्ति घटाउँछ, गरिबी बढाउँछ र समग्र आर्थिक गतिविधिमा नकारात्मक असर पार्छ।

नेपाल राष्ट्र बैंकले हालै सार्वजनिक गरेको तथ्यांक अनुसार मे २०२५ को मध्यमा उपभोक्ता मूल्य मुद्रास्फीति २.७७ प्रतिशतमा झरेको थियो, जुन चार वर्षयताकै सबैभन्दा कम हो। यो मुख्यतया भारतमा मुद्रास्फीति मध्यम भएकाले सम्भव भएको थियो। पश्चिम एसियाको द्वन्द्व चर्किएमा यो गिरावटको प्रवृत्ति उल्टिएर भयावह रूप लिन सक्ने अर्थशास्त्रीको भनाइ छ। यसले निम्न आय भएका वर्गलाई सबैभन्दा बढी असर गर्नेछ, जसले असमानताको खाडललाई अझ गहिरो बनाउनेछ।

विश्वव्यापी अनिश्चितताको समयमा अमेरिकी डलर बलियो हुने प्रवृत्ति देखिन्छ। बलियो डलरको अर्थ नेपालले आफ्नो आयातका लागि डलरमा बढी नेपाली रुपैयाँ तिर्नुपर्छ, जसले आयात लागतलाई अझ बढाउँछ र मुद्रास्फीतिलाई थप उकास्छ। यसले बाह्य ऋण भुक्तानीको भार पनि बढाउँछ।

द्वन्द्वका बहुआयामिक असरले नेपालको समग्र अर्थतन्त्रमा मन्दीको भयानक छाया ल्याउन सक्ने अर्थशास्त्रीले चेतावनी दिएका छन्। मन्दीको अवस्थामा उपभोगमा कमी आउने, लगानी खुम्चिने र कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर सुस्त हुनेजस्ता समस्या देखिन्छन्। यसबाट बेरोजगारीको दर अकल्पनीय रूपमा बढ्न सक्ने, क्रयशक्ति घट्न सक्ने र सरकारले तोकेका आर्थिक वृद्धि लक्ष्यहरू समेत सपनामा परिणत हुने अवस्था आउन सक्छ।

भूराजनीतिक अस्थिरताले प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्ने क्षमतामा गम्भीर कमी ल्याउँछ, किनकि लगानीकर्ताहरू असुरक्षित वा अस्थिर क्षेत्रहरूमा पुँजी लगाउन हिचकिचाउँछन्। नेपालले जलविद्युत, पर्यटन र उत्पादनजस्ता क्षेत्रमा थप एफडीआई आकर्षित गर्ने लक्ष्य राखेको सन्दर्भमा यो चुनौती झनै ठुलो छ।

प्रमुख व्यापारिक मार्गहरू प्रभावित भएमा विश्वव्यापी आपूर्ति शृंखलामा अवरोध सिर्जना हुन सक्छ, जसले ढुवानी लागत बढाउनुका साथै नेपालको सीमित निर्यात बजारलाई समेत घातक रूपमा प्रभावित पार्छ। आर्थिक मन्दीले बैंक तथा वित्तीय संस्थाहरूमा ऋण असुलीमा समस्या, निष्क्रिय कर्जा वृद्धि र समग्र वित्तीय प्रणालीमा समेत गम्भीर जोखिम उत्पन्न गर्न सक्छ।

अर्कोतर्फ विश्वव्यापी रूपमा मानवीय सङ्कट र द्वन्द्व व्यवस्थापनका लागि स्रोत-साधनको माग बढ्दा दाता राष्ट्रहरूले आफ्नो वित्तीय स्रोतलाई युद्ध सम्बन्धित खर्चमा पुनः निर्देशित गर्न सक्छन्। यसले नेपालजस्ता विकासोन्मुख मुलुकहरूलाई प्राप्त हुने वैदेशिक सहायतामा कटौती ल्याउन सक्छ, जसको सीधा असर महत्त्वपूर्ण विकास परियोजनाहरूको कार्यान्वयन, सामाजिक क्षेत्रमा लगानी र समग्र बजेट व्यवस्थापनमा पर्नेछ। विश्वव्यापी राजनीतिक सन्तुलनमा आउने परिवर्तन र नयाँ गठबन्धनहरूको उदयले विश्वव्यापी अनिश्चिततालाई गहिरो बनाउँदै विश्वव्यापी राजनीतिक अर्थतन्त्रको स्थिरतालाई खतरामा पार्छ, जसले नेपालकोदीर्घकालीन आर्थिक र कूटनीतिक सम्बन्धहरूमा पनि अप्रत्यक्ष तर गहिरो प्रभाव पार्न सक्छ।

सङ्कटमा नेतृत्व र आशाको किरण

यस जटिल र अनिश्चित परिस्थितिमा नेपाल सरकारको भूमिका अत्यन्त महत्त्वपूर्ण, बहुआयामिक र सक्रिय हुन आवश्यक छ।

यो समय केवल अवलोकन गर्ने नभई दृढताका साथ नेतृत्व लिने, प्रत्येक नेपालीको सुरक्षा सुनिश्चित गर्ने र सङ्कटलाई अवसरमा बदल्ने दूरदृष्टिपूर्ण प्रयास गर्ने बेला हो।

सरकारको सर्वोच्च र मानवीय प्राथमिकता द्वन्द्वग्रस्त वा जोखिममा रहेका क्षेत्रमा रहेका नेपाली नागरिकको सुरक्षा सुनिश्चित गर्नु हो। प्रत्येक नेपालीको जीवन र सुरक्षा राष्ट्रका लागि अमूल्य छ भन्ने भावनाका साथ राज्य अगाडि बढ्नुपर्ने हुन्छ, यसमा कुनै सम्झौता हुन सक्दैन।

इजरायल, इरान र अन्य मध्यपूर्वी देशहरूमा रहेका नेपाली दूतावासलाई पूर्ण रूपमा सक्रिय बनाउँदै उनीहरूलाई अतिरिक्त स्रोत-साधन र अधिकार प्रदान गर्नुपर्छ। उनीहरूले त्यहाँका सरकारहरूसँग निरन्तर सम्पर्कमा रही नेपालीको सुरक्षाको प्रत्याभूति गराउन र आवश्यक परेमा तत्काल उद्धारका लागि उच्चस्तरीय समन्वय गर्नुपर्छ।

अवस्था बिग्रिएमा ठुलो संख्यामा नेपाली कामदारहरूको सुरक्षित उद्धार र स्वदेश फिर्तीका लागि व्यावहारिक र कार्यान्वयनमुखी योजना तत्काल तयार पार्नुपर्छ। यसमा हवाई मार्गको द्रूत व्यवस्थापन, तेस्रो देश हुँदै सुरक्षित ट्रान्जिटको प्रबन्ध र छिमेकी तथा मित्र राष्ट्रहरूसँगको समन्वय समावेश हुनुपर्छ।

श्रम मन्त्रालयले मध्यपूर्वका जोखिमयुक्त क्षेत्रहरूमा नयाँ श्रम गन्तव्यका लागि अनुमति तत्काल रोक्नुपर्छ। त्यहाँ रहेका नेपाली नागरिकलाई विशेष सावधानी अपनाउन र आवश्यक परेमा तत्काल फर्किनका लागि व्यवस्था मिलाउनुपर्छ।

विदेशमा रहेका नेपाली कामदारको अद्यावधिक र विस्तृत तथ्याङ्क राख्नुपर्छ, जसले गर्दा सङ्कटको समयमा लक्षित उद्धार र सहयोग गर्न सकियोस्। यसका लागि २४ सै घण्टा चल्ने हटलाइन सेवा र अनलाइन दर्ता प्रणालीलाई प्रभावकारी बनाउनुपर्छ।

अर्थतन्त्रमा पर्न सक्ने नकारात्मक प्रभावहरूलाई कम गर्न सरकारले निम्न आर्थिक र वित्तीय उपायहरूमा दूरदर्शिताका साथ ध्यान दिनुपर्छ।

नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिका उपकरणलाई विवेकपूर्ण ढंगले प्रयोग गर्नुपर्छ। सरकारले आन्तरिक बजारमा मूल्य नियन्त्रणका लागि आपूर्ति सहज बनाउने, कालोबजारी नियन्त्रणमा शून्य सहनशीलता अपनाउने र अत्यावश्यक वस्तुहरूमा सम्भावित 'सब्सिडी'को व्यवस्था गर्नुपर्छ। दीर्घकालका लागि वैकल्पिक ऊर्जाका स्रोतहरूको विकास र प्रयोगलाई राष्ट्रिय प्राथमिकताका साथ अगाडि बढाउनुपर्छ।

विप्रेषण प्रवाहमा आउन सक्ने सम्भावित कमीलाई ध्यानमा राख्दै विदेशी मुद्रा सञ्चितिको अत्यन्तै विवेकपूर्ण र मीतव्ययी व्यवस्थापन गर्नुपर्छ। यसका लागि अनावश्यक आयातमा कठोर नियन्त्रण गर्ने, देशभित्रै उत्पादन वृद्धि गरी आयात प्रतिस्थापन गर्ने नीतिलाई जोड दिने र निर्यात प्रवर्द्धन गर्ने कार्यक्रमहरूलाई उच्च सक्रियताका साथ अगाडि बढाउनुपर्छ।

विदेशबाट फर्कने नेपालीलाई लक्षित गरी स्वदेशमै पर्याप्त र दिगो रोजगारीका अवसरहरू सिर्जना गर्ने कार्यक्रमलाई उच्च प्राथमिकता दिनुपर्छ। यसमा कृषि आधुनिकीकरण, साना तथा मझौला उद्यमको विकास, पर्यटन क्षेत्रमा रोजगारी सिर्जना, सूचना प्रविधि र सेवा क्षेत्रको विस्तार र विभिन्न सीपमूलक तालिममार्फत युवा उद्यमशीलतालाई प्रोत्साहन गर्ने कार्यक्रम समावेश हुन सक्छन्।

आर्थिक गतिविधिमा सुस्ती आउँदा राजस्व सङ्कलनमा कमी आउन सक्ने भएकाले बजेटको प्राथमिकता निर्धारणमा विशेष ध्यान दिनुपर्छ।

अनावश्यक खर्च कटौती गरी पुँजीगत खर्चलाई प्रभावकारी बनाउनुपर्छ र सार्वजनिक ऋण व्यवस्थापनमा अत्यन्तै सावधानी अपनाउनुपर्छ।

द्वन्द्वका कारण रोजगारी गुमाएर फर्कने नेपालीका लागि सरकारले समग्र सामाजिक सुरक्षा र पुनः एकीकरणका कार्यक्रम ल्याउनुपर्छ।

विदेशबाट फर्कने कामदारहरूमा मानसिक तथा मनोवैज्ञानिक असर पर्न सक्ने भएकाले उनीहरूलाई आवश्यक परामर्श, वित्तीय व्यवस्थापनको तालिम र नयाँ व्यवसाय सुरु गर्नका लागि आवश्यक सूचना र प्रक्रियागत सहायता प्रदान गर्ने सहज संयन्त्र विकास गर्नुपर्छ।

विदेशमा आर्जित सीप र अनुभवलाई स्वदेशको विकासमा उपयोग गर्नका लागि सीप पहिचान, सीप प्रमाणीकरण, सीप विकास तालिम र पुनर्स्थापनाका अवसर प्रदान गर्नुपर्छ।

विदेशबाट फर्कनेहरूलाई सामाजिक सुरक्षा कोषमार्फत विभिन्न योजनाहरूमा आबद्ध गराई भविष्यको सुरक्षा सुनिश्चित गर्न प्रोत्साहन गर्नुपर्छ।

# मन्त्रीकेन्द्रित बजेट जनमुखी हुन सक्दैन



शुष्पा भुजेल न्यौपाने

संघीयतासँगै हामी तीन तहको सरकारको अभ्यासमा छौं। यतिखेर तीनै तह (संघ, प्रदेश र स्थानीय)को नीति तथा कार्यक्रम, सिद्धान्त तथा प्राथमिकता र बजेटको काम सकिएको छ। प्रदेशमा विषयगत मन्त्रालयका छलफल कर्मकाण्डी रूपमा चलिरहेका छन्।

आज देश नीतिगत भ्रष्टाचारको चङ्गुलमा छ। जसलाई सामान्य नागिरकले पनि बुझ्न र आकलन गर्न सक्छन्। यसले गर्दा बुद्धिजीवी वर्ग, महिला, जनजाति, दलित, सीमान्तकृत, सचेत युवा, लामो समयदेखि आफ्नो जीवन सामाजिक सेवामा त्याग गरेका व्यक्तित्वहरू र आम नागरिकले खिन्नताको अनुभूति गरिरहेका छन्। नीतिगत भ्रष्टाचारको सवाल विशेषतः बजेट विनियोजनका बेला उठ्ने गर्छ।

केन्द्रमा सत्तारूढ दलले प्रदेश सरकारहरूलाई प्रभाव पार्ने प्रयास गर्ने हुँदा स्वायत्तता कमजोर भएको छ। नीति संवादमा दलगत राजनीति हाबी हुँदा दीर्घकालीन समाधानभन्दा अल्पकालीन फाइदामुखी नीतिले प्राथमिकता पाएको छ। यसर्थ योचोटिको नीति, सिद्धान्त र बजेटले केही व्यक्तिभन्दा बाहेक आम नागिरकलाई खिन्न पारेको छ। सामाजिक सञ्जाल, चियाचौतारी र सार्वजनिक यातायातमा समेत बागमती सरकारको उँधोगतिको चर्चा हुन थालेका छन्।

यो सुनिरहँदा म मेरो जिम्मेवारीप्रति सचेत छु। गलत कुराको खबरदारी गर्छु। सत्य कुरालाई आत्मसात गर्दछु। नागरिकको आवाज बोल्न छाड्दिनँ र सरकारलाई रचनात्मक सहयोग गरिरहन्छु। सरकार बन्ने तरिका र सञ्चालनका प्रक्रिया हामी सबैले नजिकबाट देखेर, भोगेर वा सुनेर मनन् गरेकै छौं। अरू प्रदेशको तुलनामा बागमती प्रदेशप्रति सबैको ध्यान विशेष तरिकाबाट थियो नै। संघीय राजधानी, विभिन्न सरकारी तथा गैरसरकारी संघ-संस्थाहरू रहेको ठाउँ र राजस्व संकलन तथा वितरणका दृष्टिकोणले यो प्रदेश अपेक्षामा रहनु स्वाभाविक देखिन्छ। नागरिकले सरकारप्रति नै हो आशा गर्ने तर नेपालका दुई ठुला दलको गठबन्धन सरकारले ल्याएको बजेट (२०८२/८३)ले नागरिकको आशालाई निराशामा बदलेको छ। सिद्धान्त तथा प्राथमिकतामा सदनमा बोलेको कुरा, नीति तथा कार्यक्रममा बोलेका कुरामा सुन्दा लाग्थ्यो– जनपक्षीय बजेट आउनेछ, एकद्वार प्रणालीको नीतिलाई कार्यान्वयनमा ल्याउनेछ, लुप होलहरू बन्द गरिनेछन्।

मलाई भने नेटमा खोजेर ल्याएका रमाइला नारा र सरकारको आलोकाँचो बोलीप्रति कति पनि विश्वास थिएन। मलाई डर थियो, आफैं शंकामा धेरै डुबें कि भनेर तर होइन रहेछ। सरकारले १५ दिनमै पुष्टि गरिदियो, आफ्नो असली चित्र र चरित्र।

कर्मकाण्डी होइन कार्यान्वयन हुने बजेट चाहिएको छ। नेता र मन्त्रीमुखी होइन आधारभूत जनताका आवश्यकता सम्बोधन हुने बजेट चाहिएको छ।

जनपक्षीय बजेट भनेको के हो भन्ने सामान्य मान्छेले पनि बुझ्न सक्छ। यसका खास इन्डिकेटरहरू के हुन् ? कक्षा ८-१० मा अध्ययन गर्दै गरेका बाबुनानीलाई सोध्नुस् वा मेरो सिन्धुलीमा जुनारको बिरुवा गोड्दै गरेको किसानलाई सोध्नुस्, तपाईंले बुझ्ने भाषामा उहाँले भनुहुनेछ– बजेट भनेको जनताको कर जनतामै फर्काउनु हो। जनपक्षीय बजेटले जनताको आवश्यकता र चाहनालाई प्राथमिकता दिन्छ।

सामाजिकन्यायमा आधारित र सबै वर्ग, लिंग, समुदाय, उमेर समूह तथा क्षेत्रलाई समेट्ने किसिमको बजेट नै आजको आवश्यकता हो। वर्तमान सरकारले बजेटलाई सही ढंगबाट ल्याउन सकेको छैन। यो सरकारले इतिहासमा गलत नजिर छाडेको छ।

अझ यसलाई सरल भाषामा भन्ने हो भने बागमती प्रदेश सरकार जुन समयदेखि ठुला दलको नेतृत्वमा गयो, त्यो दिनदेखि नै कर्तव्यविहीन बन्दै छ। एउटा मात्र उदाहरण भन्दा– हिउँदे अधिवेशन आह्वान गरेर सांसद्हरू सदन जाने घडी पर्खँदै गर्दा सरकार अधिवेशन सकिएको 'म्यासेज' पठाउँछ।

नीति र बजेट सरकारको मेरुदण्ड हो। जनताले आशा गर्ने भनेको पनि यही कुरा हो। आज यसको किन चौतर्फी आलोचना छ भन्दा कुनै पनि कोणबाट यो नीतिसंगत छैन। यसलाई पुष्टि गर्न केही तथ्य-तथ्यांक हेरौं

जनगणना २०७८ को तथ्यांक अनुसार काठमाडौं जिल्लाको जनसंख्या २० लाख ४१ हजार ५८७ छ। यस्तै यहाँ संघीय प्रतिनिधिसभाका लागि १० वटा र प्रदेशसभाका लागि २० वटा निर्वाचन क्षेत्र रहेका छन्। पाँच लाख ५१ हजार ६६७ जनसंख्या रहेको ललितपुरमा संघका लागि तीनवटा र प्रदेशसभाका लागि ६ वटा निर्वाचन क्षेत्र रहेका छन्

चार लाख ३२ हजार १३२ जनसंख्या रहेको भक्तपुरमा संघका लागि ३ वटा र प्रदेशका लागि ६ वटा निर्वाचन क्षेत्र रहेका छन्। सात लाख १९ हजार ८५९ जनसंख्या रहेको चितवनमा संघका लागि तीनवटा र प्रदेशका लागि ६ वटा निर्वाचन क्षेत्र रहेका छन्।


चार लाख ६६ हजार ७३ जनसंख्या रहेको मकवानपुरमा संघका लागि दुईवटा र प्रदेशका लागि चारवटा निर्वाचन क्षेत्र रहेका छन्। तीन लाख २५ हजार ७१० जनसंख्या रहेको काभ्रेमा संघका लागि दुई र प्रदेशका लागि चार निर्वाचन क्षेत्र रहेका छन्। तीन लाख २५ हजार ७१० जनसंख्या रहेको धादिङमा संघका लागि दुईवटा र प्रदेशसभाका लागि चारवटा निर्वाचन क्षेत्र रहेका छन्। दुई लाख ६३ लाख ३९२ जनसंख्या रहेको नुवाकोटमा संघका लागि दुई र प्रदेशका लागि चारवटा निर्वाचन क्षेत्र रहेका छन्। तीन लाख २६ जनसंख्या रहेको सिन्धुलीमा संघका लागि दुई र प्रदेशका लागि चारवटा निर्वाचन क्षेत्र रहेका छन्। दुई लाख ६२ हजार ६२४ जनसंख्या रहेको सिन्धुपाल्चोकमा संघका लागि दुई प्रदेशका लागि चारवटा निर्वाचन क्षेत्र रहेका छन्। एक लाख ७२ हजार ७६७ जनसंख्या रहेको दोलखामा संघका लागि एक र प्रदेशका लागि दुईवटा निर्वाचन क्षेत्र रहेका छन्। एक लाख ७० हजार ३०२ जनसंख्या रहेको रामेछापमा संघका लागि एक र प्रदेशका लागि दुईवटा निर्वाचन क्षेत्र रहेका छन्। ४६ हजार ६८९ जनसंख्या रहेको रसुवामा संघका लागि एक र प्रदेशका लागि दुईवटा निर्वाचन क्षेत्र रहेका छन्।

यसरी मसिनो रूपमा हेर्दा पनि पारदर्शी छैन केही बजेट। १४ भाइ र केही पहुँचवाला कर्मचारीको पकेटभित्र बजेट केन्द्रित देखिन्छ। उनीहरुलाई मन लागेको ठाउँमा र मन लागेका बेला प्रयोगमा ल्याउन सक्ने खालको वितरणमुखी बजेट देखिन्छ र यो बजेट केही घुमाउरो बाटोबाट बिक्रीमुखी छ। किन छ भन्दा प्रदेशसभा सदस्य, जो जनाताको मतदानबाट निर्वाचित भएर जुन क्षेत्र वा जिल्लाबाट सरकारको प्रतिनिधित्व गर्छन्, उनीहरुलाई नै योजनाका विषयमा थाहा हुँदैन। योजनाको नाम, बजेट स्थान आवश्यक हो वा होइन– यस्ता प्रकृतिको बजेट अनगिन्ती संख्यामा छन्। जसले १४ भाइको असली रूप त आयो नै, प्रदेशसभाको सदस्य भन्ने हैसियतमा पनि प्रश्न खडा भएको छ।

बागमती प्रदेश सरकारले बजेट भाषण भएको दुई साता पुग्न लाग्दा समेत योजनाको किताब वितरण गर्न सकेको छैन। कार्यक्रममा किताबलाई पेन्ड्राइभमा दिने भनेर बाँडे पनि त्यसमा कुनै फाइल अपलोड हुँदैन। यस्ता कार्य गर्ने यो सरकारको बिचरोपन देखेर दया लाग्छ। जसको हातमा डाडुपन्यु उही भोकै भए भनेर रुँदै हिँडेको सुन्दा र देख्दा झन् लाज लागेर आउँछ। एउटा उखानको याद राम्रैसँग आयो– कपाल नभएको मान्छेलाई काइँयो दिनु र दाँत नभएको मान्छेलाई ओखर दिनु उस्तै हो। आज मैले मात्र होइन मभन्दा कम उमेरको पुस्ताले यो कुराको गहिरो अनुसन्धान गरिरहेको छ। प्रदेश सरकारसँग बजेट नै भएन भनेर हरेक वर्ष भनिरहेको हुन्छ।

वर्ष (२०८२/८३) का लागि बागमती सरकारले ६७ अर्बको बजेट ल्याएको छ। जुन चालु वर्षको भन्दा पाँच प्रतिशतले बढी हो। विगतका वर्षको बजेट कार्यान्वयनको अवस्था हेर्दा बजेटको खर्च करिब ७२ प्रतिशत मात्रै छ। विशेषतः पुँजीगत खर्च निकै कम (३८.९१ प्रतिशतमा सीमित) छ। यसले आगामी वर्षको बजेटको कार्यान्वयन क्षमताप्रति पनि गम्भीर प्रश्न उठाएको छ।

# विविधताले राष्ट्रिय एकताको भावनालाई सुदृढ बनाउँछ : राष्ट्रपति पौडेल



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको विविधतायुक्त समाजमा रहेका विभिन्न जातजातिका मौलिक भाषा, संस्कृति, नाटक, गीत र सङ्गीतमा रहेको विविधताले नेपाली समाजलाई एकढिक्का बनाउँदै राष्ट्रिय एकताको भावनालाई सुदृढ बनाउन योगदान दिएको बताउनुभएको छ ।

नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार-२०८१ वितरण समारोहलाई सम्बोधन गर्दै बुधबार उहाँले नेपालको अनुपम भौगोलिक विविधता जस्तै नेपाली समाज पनि विविधतायुक्त भएको भन्दै नेपाल जस्तो विविध जातजाति, भाषाभाषी र सांस्कृतिक विशेषता रहेको मुलुकका लागि सङ्गीत र नाटक केवल मनोरञ्जनका साधन मात्र नभई मौलिक पहिचानको धरोहर पनि भएको बताउनुभयो ।

राष्ट्रपति पौडेलले मौलिक भाषा, संस्कृति, नाटक, गीत र सङ्गीतका माध्यमबाट नेपाली लोकजीवन, मौलिकपनको विकास, विस्तार, संरक्षण र प्रवर्द्धन गर्नु सबैको कर्तव्य भएको उल्लेख गर्नुभयो । उहाँले हाम्रो कला, संस्कृति, सङ्गीत र नाट्यको संरक्षण, सम्वर्द्धन गरी विश्वव्यापीकरणतर्फ ध्यान दिन आवश्यक रहेको बताउँदै नेपाली मौलिक भाका, राग र अभिनय शैलीले संसारकै ध्यान तान्न सक्ने स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, "यसतर्फ सरकार मात्र होइन विश्वभर छरिएका नेपालीहरूको म ध्यानाकृष्ट गर्न चाहन्छु । म चाहन्छु, भविष्यमा नेपाली सङ्गीत र नाटक विश्वभर बजून्, प्रदर्शन होउन् र नेपाल साङ्गितिक तथा नाट्य रूपमा विश्व चिन्तनको एउटा केन्द्र बनोस् ।"

राष्ट्रपति पौडेलले मुलुकमा राजनीतिक परिवर्तनसँगै कलाप्रति राज्यले हेर्ने दृष्टिकोणमा परिवर्तन भएर नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा प्रतिष्ठानजस्ता विभिन्न विधागत प्रज्ञाप्रतिष्ठान स्थापना हुन संभव भएको बताउनुभयो । उहाँले समय र समाज गतिशील भएजस्तै समय र समाजको ढुकढुकी प्रतिबिम्बित हुने गीतसङ्गीत, कला र संस्कृतिले हाम्रो पहिचानलाई जीवन्त राख्ने बताउनुभयो ।उहाँले भन्नुभयो, "साँच्चिकै भन्नुपर्दा कला र संस्कृति जोगाउनु भनेको राष्ट्रको आत्मा जोगाउनु हो ।

हाम्रो मौलिक कला र सृजना नेपाल र नेपालीलाई विश्वभर चिनाउने एउटा सशक्त माध्यम भएकाले यसको विकास एवं प्रतिभाको सम्मानमा राज्यले कञ्जुस्याई गर्न हुँदैन भन्ने मलाई लाग्दछ ।"

सो अवसरमा राष्ट्रपति पौडेलले नेपाल सङ्गीत तथा नाट्या दीर्घ साधना सम्मानबाट वरिष्ठ गायक दीप श्रेष्ठलाई, रङ्गमञ्च विधातर्फ वरिष्ठ रङ्गकर्मी हरिबहादुर थापालाई, सङ्गीत विधातर्फ वरिष्ठ गायिका कुन्ती मोक्तानलाई, नाट्य विधातर्फ वरिष्ठ नाट्यकर्मी वेदकुमारी न्यौपानेलाई, नृत्य विधातर्फ वरिष्ठ नृत्य निर्देशक भुवनदास श्रेष्ठलाई, नृत्य खोज तथा अनुसन्धान विधातर्फ वरिष्ठ अनुसन्धानकर्ता कृष्णप्रसाद पौडेललाई, लोकसंगत विधातर्फ वरिष्ठ लोक गायक नारायण रायमाझीलाई, परम्परागत तथा शास्त्रीय सङ्गीत विधातर्फ कुशेश्वर राईलाई र वाद्यबादन विधातर्फ वरिष्ठ वाद्ययवादक राजु अग्रवाललाई सम्मान गर्नुभएको थियो ।रासस

## गभर्नर पौडेलको सम्पत्ति विवरण :

# सात कम्पनीमा शेयर लगानी

काठमाण्डु । नेपाल राष्ट्र बैंकले नवनियुक्त गनर्भर डा विश्वनाथ पौडेलको सम्पत्ति विवरण सार्वजनिक गरेको छ । गनर्भर पौडेलले यही असार ५ गते राष्ट्र बैंकमा पेस गरेको सम्पत्ति विवरणअनुसार विभिन्न सातवटा कम्पनीमा शेयर लगानी तथा ललितपुर र नवलपरासीमा घरजग्गा रहेको छ ।

प्रतिभा शर्माको नाममा ललितपुरको सैंबुस्थित कित्ता नम्बर ६४३ को पाँच आना दुई दाम जग्गा र त्यसमा बनेको दुई हजार ७९५ वर्गफिट घरलाई गनर्भर पौडेलको सम्पत्ति विवरणमा देखाइएको छ । अमेरिकी डलर ६६ दशमलव ७८ बराबर मौज्दात रहेको छ । त्यस्तै, प्रतिभा शर्माको नाममा सानिमा बैंकमा रू १२ हजार ५४७, प्रभु बैंक लिमिटेडमा रू चार लाख ७३ हजार ८२२ र सानिमा बैंकमा अमेरिकी डलर चार हजार ४४६ रहेको उल्लेख छ ।

विश्वनाथ पौडेलका नाममा विभिन्न कम्पनीको प्रवर्द्धक तथा साधारण शेयर रहेको सम्पत्ति विवरणमा उल्लेख छ । जसमा सानिमा बैंकको दुई लाख ४४ हजार १७६ कित्ता, सानिमा मिडल तमोर हाइड्रोपावरको एक लाख ८८ हजार कित्ता,



यो जग्गा पैतृक सम्पत्ति तथा स्वआर्जन रकमबाट रु एक करोड ५५ लाखमा खरिद गरिएको विवरणमा उल्लेख छ ।

त्यस्तै, शर्माकै नाममा नवलपरासी गैंडाकोटमा कित्ता नम्बर ४१७४ को जग्गा र त्यसमा बनेको घरलाई पनि सम्पत्तिका रूपमा देखाइएको छ । यो जग्गा पैतृक सम्पत्ति तथा स्वआर्जनबाट रू ६० लाखमा किनेको उल्लेख छ ।

पैतृक सम्पत्तिका रूपमा करिब ४५ तोला सुन र स्वआर्जनबाट किनेको रू १५ लाख बराबरको हीराका गहनालाई पनि गभर्नर पौडेलको सम्पत्तिका रूपमा देखाइएको छ । विश्वनाथ पौडेलका नाममा सानिमा बैंकमा रू १३ लाख २३ हजार १९२, नेपाल इन्भेष्टमेन्ट मेगा बैंकमा रू दुई लाख ५९ हजार ३४४ र सानिमा बैंकमा ग्लोबेको प्रालिको एक लाख ८६ हजार ८३४ कित्ता, संयुक्त ऊर्जा हाइड्रोपावरको पाँच लाख कित्ता र चितवन इनर्जी लिमिटेडको दुई लाख ५० हजार कित्ता प्रवर्द्धन शेयर रहेको छ ।

त्यस्तै, पौडेलको नाममा सानिमा माइ हाइड्रोपावरको ९२ हजार ५७९ कित्ता साधारण शेयर रहेको पनि विवरणमा देखाइएको छ । प्रतिभा शर्माको नाममा रहेको ग्लोबेको प्रालिको ७५ हजार कित्ता प्रवर्द्धक शेयरलाई पनि गनर्भर पौडेलको सम्पत्ति विवरणमा देखाइएको छ । त्यस्तै, शर्माको नाममा २०७७ भदौमा रू ४४ लाखमा खरिद गरिएको सुजुकी कारलाई पनि गभर्नर पौडेलको सम्पत्ति विवरणमा खुलाइएको छ । अधिकांश सम्पत्तिको स्रोतका रूपमा स्वआर्जन र पैतृक सम्पत्ति देखाइएको छ ।रासस

# यी हुन् मन्त्रिपरिषद्का १५ निर्णय



काठमाण्डु । सरकारले सशस्त्र प्रहरीका नायब महानिरीक्षकहरू कालीदास धौवजी र कुमार न्यौपानेको पदावधि थप गर्ने निर्णय गरेको छ ।

यही असार ९ गतेको मन्त्रिपरिषद् बैठकले गरेका निर्णय सार्वजनिक गर्ने क्रममा बुधबार आयोजित पत्रकार सम्मेलनमा सरकारका प्रवक्ता समेत रहनुभएका सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले उक्त जानकारी दिनुभयो ।

बैठकले भिजिट भिसा प्रकरणका सम्बन्धमा छानबिन गर्ने नेपाल सरकारका पूर्वमुख्यसचिव शङ्करदास बैरागीको अध्यक्षतामा विभिन्न मन्त्रालयका सहसचिवहरू सदस्य रहने गरी सात सदस्यीय उच्चस्तरीय अध्ययन एवं छानबिन समिति, २०८२ गठन गरेको छ ।

त्यसैगरी सरकारले उद्योग वाणिज्य प्रवर्द्धन परिषद् आदेश, २०८२ स्वीकृत गर्ने, यही असार १५ गतेदेखि १९ गतेसम्म स्पेनको सेभिल्लामा आयोजना हुने अनलकिङ वाटर एन्ड स्यानिटेशन फाइनान्सिङ थ्रु द हेड्स अफ स्टेट इनिसिएटिभ विषयक कार्यक्रममा सहभागी हुन खानेपानीमन्त्रीलाई स्वीकृति प्रदान गर्ने समेत निर्णय गरेको छ ।

मन्त्री गुरुङका अनुसार यही असार १३ गतेदेखि २९ गतेसम्म इटालीको रोममा आयोजना हुने एफएओ सम्मेलनको ४४औँ संस्करण तथा इटाली र जर्मनीमा लगानी बोर्ड नेपालले आयोजना गर्ने लगानी प्रवर्द्धनसम्बन्धी कार्यक्रममा सहभागी हुन परराष्ट्रमन्त्रीलाई स्वीकृति प्रदान, कर्जा असुली न्यायाधीकरणको अध्यक्ष तथा सदस्यहरूको पारिश्रमिक र सेवा सर्त तथा कार्यसञ्चालनसम्बन्धी व्यवस्था, २०८२ स्वीकृत गर्ने, यही असार १४ गते जर्मनीको बोनमा आयोजना हुने ३६औँ नेपाल डे कार्यक्रममा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्रीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने पनि निर्णय गरेको छ ।

बैठकले अन्तरराष्ट्रियस्तरको भलिबल, उसु र कबड्डी प्रतियोगितामा पदक प्राप्त खेलाडी, प्रशिक्षक, सहायक प्रशिक्षक र व्यवस्थापक गरी जम्मा २७ जनालाई पुरस्कार तथा सम्मान प्रदान गर्नका लागि स्वीकृति दिने, नेपाल सेनाका दुई जना महासेनानीहरूको पदावधि थप गर्ने, एक जना सहायक रथीको उपरथीमा बढुवा गर्ने र दुईजना उपरथीहरूको सरुवा गर्ने पनि निर्णय गरेको जनाइएको छ ।

सरकारले यही असार ९ गतेदेखि ११ गतेसम्म जनवादी गणतन्त्र चीनको ल्हासामा आयोजना भइरहेको सिस्टर सिटिज कोअपरेशन एन्ड एक्सचेन्ज मिटिङमा सहभागी हुन पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यलाई स्वीकृति प्रदान समेत गरेको छ ।

साथै, उक्त बैठकले अवैतनिक वाणिज्यदूतसम्बन्धी (छैटौं संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने, नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसद्समक्ष पेस गर्न स्वीकृति प्रदान गर्ने, राष्ट्रिय खेलकुद नीति, २०८२ स्वीकृत गर्ने, तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति (२०८१/८२-२०८५/८६) स्वीकृत गर्ने निर्णय गरेको छ ।

मन्त्री गुरुङका अनुसार निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिव भरतमणि सुवेदीको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सचिव पदमा माहादेव पन्थको निर्वाचन आयोगको सचिव पदमा शोभाकान्त पौडेलको महालेखा नियन्त्रक कार्यालयको महालेखा नियन्त्रक पदमा र डा खगेन्द्रप्रसाद सुवेदीको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशको प्रमुख सचिवमा सरुवा गर्ने सरकारको निर्णय रहेको मन्त्री गुरुङले प्रष्ट पार्नुभयो ।

त्यस अवसरमा मन्त्री गुरुङले प्रतिपक्षी दललाई संसद् अवरोधको बाटो छाडेर संसदीय अभ्यासको सम्मान गर्न समेत आग्रह गर्नुभयो । उहाँले कुनै व्यक्तिले गरेको गल्तीका कारण मन्त्रीलाई राजीनामा दिनुपर्ने स्थिति आए त्यसले सरकार चलायमान हुन नसक्ने र यसको मर्का जनतालाई पर्ने बताउनुभयो ।रासस

# आन्तरिक उत्पादन प्रवर्द्धन हुनेगरी राजस्व नीति तय गर्न सरकारको ध्यानाकर्षण



काठमाण्डुप्रतिनिधिसभाअन्तर्गतको अर्थ समितिले आन्तरिक उत्पादन तथा स्वदेशी उद्योगहरू समस्यामा नपर्नेगरी राजस्व नीति अवलम्बन गर्न सरकारको ध्यानाकर्षण गराएको छ ।

केही उद्योगी व्यवसायीबाट सरकारको कर नीतिका कारण समस्यामा परेको भनी समितिमा निवदेन परेकाले यस विषयमा उचित निर्णय लिई स्वदेशी उद्योग प्रवर्द्धनमा जोड दिन सरकारको ध्यानाकर्षण गराउने आजको बैठकले निर्णय गरेको सभापति सन्तोष चालिसेले जानकारी दिनुभयो ।

सरकारले आगामी आर्थिक वर्ष २०८२/अव्यवहारिक रहेका र भन्दै सुनचाँदी व्यवसायी, आयुर्वेदिक औषधि व्यवसायी र फलाम तथा डण्डी उद्योगीहरूले अर्थ समितिसँग सहयोगका लागि आह्वान गरेका छन् । सुन, चाँदी, हिरालगायत वस्तुमा दुई प्रतिशत विलासिता शुल्क र १३ प्रतिशतको मूल्य अभिवृद्धि कर (भ्याट) लगाइएको भन्दै सुनचाँदी व्यवसायी विरोधमा छन् ।

त्यस्तै, अतिआवश्यक औषधिजन्य वस्तुका रूपमा रहेको आयुर्वेदिक औषधिहरूमा १३ प्रतिशत भ्याट लगाइएको भन्दै सोको खारेजीको माग गर्दै आयुर्वेदिक औषधि व्यवसायीहरूले अर्थ समितिमा निवदेन दिएका छन् ।

'वायर रड' भनिने ग्याबिन तार बनाउन प्रयोग हुने कच्चा पदार्थ आयातमा १० प्रतिशत भन्सार लगाइएकामा त्यसलाई रोक्न फलामे छड तथा डण्डी व्यवसायीहरू पनि अर्थ समिति पुगेका छन् ।

यी तीन वटै क्षेत्रका व्यवसायीहरूले सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमार्फत् लिएका करका दर लागू भएमा स्वदेशी उद्योगहरू समस्यामा पर्ने र ठूलो सत्ख्यामा रोजगारी गुम्ने भन्दै समितिमार्फत सरकारको ध्यानाकर्षण गराइरहेका छन् ।

व्यवसायीहरूसँगको छलफलपछि समितिको आजको बैठकले स्वदेशी उद्योगहरू प्रवर्द्धन गर्नेगरी करका नीति अवलम्बन गर्न सरकारको ध्यानाकर्षण गराएको सभापति चालिसेले बताउनुभयो । "आर्थिक विधेयक, २०८२ अहिले संसद्मा विचाराधीन अवस्थामा छ ।

संसद्बाट पारित हुनुअघि करका दरमा संशोधन गर्न सकिने भएकाले समितिले यसबारे सरकारको ध्यानाकर्षण गराएको हो", उहाँले भन्नुभयो ।

अर्थ समितिको बुधबारको बैठकमा अधिकांश सांसदहरूले स्वदेशी उत्पादनलाई समस्यामा पार्ने गरी करका दरहरू ल्याइएकाले त्यसमा सरकारले पुनर्विचार गर्नुपर्ने धारणा राख्नुभएको थियो ।

आयातित कच्चा वस्तुमा भन्दा उपभोग्य वस्तुमा बढी कर लगाइएको, अत्यावश्यक वस्तुमासमेत सरकारले भ्याट लगाएको, साफ्टासम्बन्धी प्रावधानहरूका कारण नेपालका उत्पादनले भारतीय उत्पादनसँग प्रतिस्पर्धा गर्न नसकेकालगायत विषय समितिमा उठेका थिए । त्यस्तै, संसद्बाट पारित हुनुअघि आर्थिक ऐन संशोधन गर्न सकिने भएकाले पनि यस विषयमा समितिले सरकारको ध्यानाकर्षण गराउनुपर्ने धारणा समिति सदस्यहरूको थियो ।

बैठकमा सांसदहरू गङ्गा कार्की, पूर्णबहादुर तामाङ, जुलीकुमारी महतो, ज्ञानबहादुर शाही, नारायणप्रसाद आचार्य, नारायणी शर्मा, वर्षमान पुन, डा प्रकाशशरण महतलगायतले स्वदेशी उत्पादनलाई समस्या नपर्ने गरी करका दर तय हुनुपर्ने धारणा राख्नुभएको थियो । रासस

# "वडा र पालिकाको निर्णय उपर अपिल गर्ने निकायको आवश्यकता छ"

काठमाण्डु । राष्ट्रियसभा, सङ्घीयता सवलीकरण तथा राष्ट्रिय सरोकार समितिले वडा र पालिका कार्यालयको निर्णय उपर अपिल गर्ने निकायको आवश्यकतामा जोड दिएको छ ।

समितिले भरतपुर महानगरपालिका र विभिन्न पालिकाका वडाबाट भएको सेवाप्रवाहका सन्दर्भमा गरेको अनुगमनमा सेवाग्राहीबाट प्राप्त गुनासाका आधारमा समिति उक्त निष्कर्षमा पुगेको हो । समितिको आजको बैठकमा सदस्य शेखरकुमार सिंहले जिल्ला समन्वय समिति चलायमान हुन नसक्दा वडा र पालिकाको निर्णय उपर चित्त नबुझेमा त्यसको तत्काल सुनुवाई हुने संरचना नहुँदा सेवाग्राही अप्ठेरोमा परेको बताउनुभयो ।

अनुगमनपछि समितिले तयार पारेको प्रतिवेदनमा भनिएको छ, "वडा कार्यालयको निर्णय उपर अपिल गर्ने ठाउँ नभएको, स्थानीय तहको अन्तरसम्बन्ध स्पष्ट नभएको, वडाध्यक्ष र सदस्यको काम, कर्तव्य स्पष्ट नभएकाले स्थानीय सरकार सञ्चालन नियमावली तर्जूमा गरिनुपर्छ ।"

स्थानीय तहमा अत्याधिक राजनीतिकरण भएका कारण सामान्य नागरिकले पाउनुपर्ने सिफारिस लिन जटिल रहेको जनाउँदै सदस्य सिंहले त्यसको अनुगमनका लागि जिल्ला



समन्वय समितिलाई चलायमान तुल्याउन आवश्यक रहेको धारणा राख्नुभयो । उक्त समितिले पछिल्लो समय देवघाट क्षेत्र, भरतपुर महानगरपालिका र चितवन राष्ट्रिय निकुञ्जको अध्ययन अवलोकन गरेको थियो ।

अवलोकनका क्रममा समितिले कालीगण्डकी तिनाउ नदी पठान्तरण आयोजनाले पार्ने प्रभावलाई मध्यनजर गर्दै निर्माणको ढाँचाको पुनरावलोकन गर्न, देवघाट क्षेत्र विकास समितिको पदाधिकारीको समयमै नियुक्ति गर्न तथा देवघाट क्षेत्रको धार्मिक तथा पुरातात्विक सम्पदा, मठ मन्दिर तथा घाटलगायत पूर्वाधारलाई व्यवस्थित गर्न सुझाव दिएको छ ।

त्यसैगरी गौतमबुद्ध अन्तरराष्ट्रिय रङ्गशाला निर्माणका लागि स्रोत सुनिश्चित गर्न तथा रोयल्टीबाट प्राप्त हुने रकम सुरूमै निकासा भएमा पुँजीगत खर्चबाट विकास गर्न सकिने पक्षलाई ध्यान दिन सुझाव दिइएको छ ।रासस


**मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान**

**मधेश प्रदेश, जनकपुरधाम, धनुषा**

**करार सेवामा भर्ना सम्बन्धी सूचनाको म्याद थप सम्बन्धी सूचना**

**सूचना नं. ०२/०८१/०८२**

**प्रथम पटक प्रकाशित मिति : २०८२/०२/२५**

**दाश्रो पटक प्रकाशित मिति : २०८२/०३/१२**

यस मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत रिक्त रहेको पदमा कुनै प्रकृयाद्वारा स्थायी पदपूर्ति नभए सम्मको लागि कर्मचारी व्यवस्थापन गर्नुपर्ने आवश्यक भएकोले करार सेवामा जनशक्ति भर्ना गर्नुपर्ने भएको हुँदा योग्यता पुगेको ईच्छुक नेपाली नागरिकहरु बाट आफूले हासिल गरेको शैक्षिक योग्यता, अनुभव, नागरिकताको प्रमाणपत्र, सम्बन्धित परिषद्को दर्ता प्रतिलिपि सहित यस कार्यालयमा रित पूर्वकको दरखास्त पेश गर्नुहुन यो सूचना मिति २०८२।०२।२५ गते प्रकाशित गरिएकोमा दरखास्त पेश गर्ने अवधिभर केहि विज्ञापनहरुमा कुनै पनि दरखास्त नपरेको हुँदा ७ (सात) दिनको म्याद थप गरि मिति २०८२।०३।१८ गते सम्म दरखास्त पेश गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धी थप जानकारीको लागि यस प्रतिष्ठानको Website: www.mihs.edu.np मा हेर्नु हुन अनुरोध छ ।



**विदेह नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**तिनकोरिया, धनुषा**

**मधेश प्रदेश, नेपाल**

**दरभाउपत्र स्वीकृत गर्ने आश्यको सूचना**

**सूचना प्रकाशन मिति २०८२/०३/१२**

यस नगरपालिकाबाट मिति २०८२/०२/२३ गते प्रकाशित सामुदायिक विद्यालयहरुको छात्राहरुलाई निःशुल्क स्यानेटरी प्याड वितरण सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना अनुसार रीतपूर्वक दर्ता भई खोलिएका उक्त सिलबन्दी दरभाउपत्रहरु यस नगरपालिकाको मूल्याङ्कन समितिबाट प्राविधिक र आर्थिक प्रस्तावमा छनौट भई मिति २०८२/०३/११ गतेको निर्णय अनुसार तपसिलको दरभाउपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजानिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. नं. | सूचना नं. | कामको विवरण | कबोल अंक मु.अ.कर बाहेक | सारभूत रुपमा प्रभावग्राही फर्मको नाम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ३/२०८१/०८२ | सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क स्यानेटरी प्याड व्यवस्थापन | १५८८७५० | युग भेन्चर प्रा.लि. धुनिवेसी न.पा-५ धादिङ्ग | |

**प्रमुख प्रशासकीय अधिकृत**

# गाजामा सहायताको पर्खाइमा रहेका छसहित २० जनाको मृत्यु

एएफपी

गाजा । युद्धग्रस्त प्यालेस्टिनी क्षेत्रमा खाद्यान्न सहायता सङ्कलन गर्न पर्खिरहेका छ जनासहित २० जनाको मृत्यु भएको बुधबार गाजाको प्रहरीले जनाएको छ ।

गाजामा सहायता वितरण स्थलहरू नजिकका घातक घटनाहरूलाई सङ्केत गर्दै 'खानाको हतियारिकरण' भएको भन्दै संयुक्त राष्ट्र सङ्घले निन्दा गरको छ । गाजामा अमेरिका र इजरायल समर्थित फाउन्डेसनले स्थापित मानवीय संस्थाहरूलाई धेरै हदसम्म प्रतिस्थापन गरेको छ ।

मध्य गाजामा सहायताको प्रतीक्षामा रहेका हजारौं सर्वसाधारणको भीडमा इजरायली सेनाले गोली चलाउँदा खाद्यान्न तथा आर्थिक सहायताको पर्खाइमा रहेका छ जनाको मृत्यु भएको र अन्य ३० जना घाइते भएको बताउनुभएको छ । प्यालेस्टिनीहरू हरेक रात खाद्यान्न सङ्कलन गर्ने आशामा सहायता आउने बाटो र चोकमा भेला हुने गर्छन ।



निजी रूपमा सञ्चालित सहायता समूह गाजा 'ह्युमेनिटेरियन फाउन्डेसन (जीएचएफ)' मा मङ्गलबार सहायता खोज्न आउनेको भीड बढेको थियो । प्यालेस्टिनी शरणार्थीहरूका लागि संयुक्त राष्ट्रसङ्घीय निकाय युएनआरडब्लुएले अमेरिका र इजरायली समर्थित प्रणालीलाई घृणित भनेको छ यसले प्यालेस्टिनीहरूको जीवनलाई जोखिममा पारेको छ । संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार कार्यालयको गाजास्थित शाखा थामिन अल खितानका प्रवक्तालेसमेत यस क्षेत्रमा खानाको हतियारकरण को निन्दा गर्नु भएको छ ।

मे महिनामा सहायता प्रतिबन्धमा केही खुकुलो पारिए पनि इजरायलले प्रतिबन्धहरू जारी राखेको छ ।हमासको स्वास्थ्य मन्त्रालयले मे महिनाको अन्त्यदेखि अहिलेसम्ममा आपूर्ति खोज्ने सहायता केन्द्रहरू नजिकै ५०० भन्दा बढी मानिस मारिएको बताएको छ । मङ्गलबार इजरायली सेनाले सहायताको प्रतीक्षामा रहेका ४६ जनाको हत्या गरेको नागरिक सुरक्षार्थ बनाइएको गाजाको एक निकायले जनाएको छ ।

जीएचएफले भने आफ्नो सहायता केन्द्र नजिकैको मृत्युको जिम्मेवारी अस्वीकार गरेको छ ।प्रवक्ता बासलले मध्य र उत्तरी गाजामा बुधबार भएको इजरायली हवाई आक्रमणमा कम्तीमा १४ जनाको मृत्यु भएको बताउनुभएको छ ।

# नेटोको 'ऐतिहासिक' खर्च वृद्धिको ट्रम्पद्वारा प्रशंसा

एएफपी

द हेग । उत्तर एट्लान्टिक सन्धि सङ्गठन (नेटो) का सहयोगी राष्ट्रहरूसँग बुधबार भएको वार्तामा रक्षा खर्च बढाउने विषयमा भएको सम्झौता 'सबैका लागि ठूलो विजय' भएको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बताउनुभएको छ । सन् २०३५ सम्ममा सदस्य राष्ट्रले आफ्नो उत्पादनको पाँच प्रतिशत रक्षामा खर्च गर्ने प्रतिबद्धता व्यक्त गरिएको सम्झौताका लागि अमेरिकी राष्ट्रपति ट्रम्पले प्रशंसा गर्नुभएको छ ।

**विश्वका लागि महत्त्वपूर्ण समाचार**

ट्रम्पले भन्नुभयो, "मलाई लाग्छ, यो सबैका लागि ठूलो विजय हो । हामी चाँडै नै बराबरीमा पुग्नेछौँ र यो हुनैपर्छ।"

उहाँले भन्नुभयो, "मैले धेरै वर्षदेखि आम्दानीको पाँच प्रतिशतसम्म खर्च बढाउनका लागि सदस्य राष्ट्रहरूलाई आग्रह गर्दै आइरहेको थिएँ केही समयमा पाँच प्रतिशतसम्म जाने उनीहरूबाट प्रतिवद्धता आएको छ । यो धेरै महत्त्वपूर्ण समाचार हुनेछ ।" बैठकको आयोजना गर्दै नेटोका महासचिव मार्क रुटले राजा विलियम-अलेक्जेन्डरले मङ्गलबार आफ्नो राजदरबारमा आयोजना गरेको रात्रिभोजमा ट्रम्प 'राम्रो मुड' मा रहेको र अमेरिकी नेता आफ्ना सहयोगीहरूबाट प्रेरित भएको बताउनुभएको थियो ।

राष्ट्रपति ट्रम्पले ट्रुथ सोसल नेटवर्कमा गरेको पोस्टमा उल्लेख छ, "सुन्दर नेदरल्याण्ड्समा दिनको सुरुवात भएको छ । राजा र रानी सुन्दर र शानदार मानिसहरू हुन् । हाम्रो 'ब्रेकफास्ट मिटिङ' निकै राम्रो भएको छ ।" बैठकमा प्रवेश गर्दै नेताहरूले शिखर सम्मेलनको योजनाबद्ध खर्च वृद्धिलाई एउटै लाइनमा उभिएर प्रतिवद्धता जनाउँदै 'ऐतिहासिक' घोषणा गरेका थिए ।



अमेरिकी रिपब्लिकन नेता ट्रम्पले लामो समयदेखि युरोपले आफ्नो प्रतिरक्षामा धेरै कम खर्च गरेको गुनासो गर्दै आउनुभएको छ भने नेटोका सहयोगीहरूले रुसबाट बढ्दो खतराको सामना गर्न र ट्रम्पलाई खुशी राख्न पनि यो वृद्धि आवश्यक रहेको बताएका छन् ।वृद्धि गर्ने सम्झौताबारे बेल्जियमका प्रधानमन्त्री बार्ट डे वेभरले भन्नुभयो, "युरापेली नागरिकको हैसियतले हामीले इतिहासबाट लामो अवरूद्धता समाप्त भएको महसुस गर्नुपर्छ ।"

महाद्वीपले 'निकै कठिन समयमा' आफ्नो सुरक्षाको जिम्मेवारी लिन आवश्यक छ, डी वेबरले थप्नुभयो । उक्त प्रतिबद्धताले कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को ३.५ प्रतिशत खर्चलाई शुद्ध रक्षा लागतमा विभाजन गरेको छ- जुन हालको अमेरिकी स्तरभन्दा केही माथि छ र अर्को १.५ प्रतिशत साइबर सुरक्षा र पूर्वाधारजस्ता व्यापक सुरक्षा-सम्बन्धित क्षेत्रहरूमा विभाजन गरिएको छ । यो सम्झौता पूरा भएपछि गठबन्धनको आधारभूत जगमा ध्यान केन्द्रित भयो । यसको पारस्परिक प्रतिरक्षा बुँदाले एकमाथि आक्रमण गर्नु भनेको सबैमाथिको आक्रमण भएको बताउँछ ।

नेटो सन्धिको धारा पाँच भनेर चिनिने यो वाचाको वैधतामाथि केही शङ्का व्यक्त गर्दै ट्रम्पले हेग जाने क्रममा पत्रकारहरूलाई भन्नुभयो, "यो तपाईंको परिभाषामा निर्भर गर्दछ। अनुच्छेद पाँचको धेरै परिभाषाहरू छन्।तर रुटले ट्रम्प र संयुक्त राज्य अमेरिका अझै पनि धारा पाँचप्रति 'पूर्ण रूपमा प्रतिबद्ध' रहेको विश्वास व्यक्त गर्नुभयो । बुधबार रुटसँगको भेटमा सामूहिक प्रतिबद्धताबारे सोधिएको प्रश्नमा ट्रम्पले भन्नुभयो, "हामी उनीहरूसँगै छौं।"बेलायतका प्रधानमन्त्री केइर स्टार्मरले वासिङ्टनको अडानबारे स्पष्ट हुनुपर्ने विभिन्न प्रश्नको जवाफ दिनुभएको थियो ।

स्टार्मरले भन्नुभयो, "हामी धेरै अस्थिर संसारमा बाँचिरहेका छौं र आज नेटोको एकताले त्यसलाई सामना गर्ने शक्ति देखाउँछ।"यसअघिको सन्देशमा रुटले ट्रम्पको उच्च प्रशंसा गर्दै खर्च वृद्धिको लागि सबैलाई समितिमा ल्याएकोमा उहाँप्रति कृतज्ञता व्यक्त गर्नुभएको थियो । रुटले ट्रम्पलाई लेखेको पत्रमा भनिएको छ, "युरोपले उनीहरूको जिम्मेवारी अनुसार ठूलो रकम तिर्नेछ, र यो तपाईंको जीत हुनेछ।"रुट्टले लेख्नुभएको छ, "हेगमा तपाईं अर्को ठूलो सफलतामा तोड्दै हुनुहुन्छ।"

**'राम्रो व्यक्ति'**

रुसले युक्रेनमाथि गरेको आक्रमणलाई आधार मानेर राष्ट्रपति ट्रम्पले युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीलाई शिखर सम्मेलनको साइडलाइनमा भेट्ने तयारी गर्नुभएको छ ।

जेलेन्स्कीले विगतका शिखर सम्मेलनहरूमा भन्दा यहाँ कम सक्रियता देखाउनुभएको छ । ट्रम्प र जेलेन्स्कीबीच 'ओभल अफिस' मा भएको 'दुखद्' वार्ताको प्रभावलाई कम गर्ने उद्देश्यले जेलेन्स्कीलाई निस्क्रिय बस्न सहयोगी अन्य राष्ट्रको सुझाब अनुसार उहाँले सम्मेलनमा युक्रेनजका मुद्दालाई सहयोगी राष्ट्रहरूमार्फत पेश गर्नुभएको हुनसक्छ ।तर ट्रम्पले उहाँलाई 'राम्रो मान्छे' को संज्ञा दिँदै युद्धविरामका बारेमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग कुरा गरिरहेको उल्लेख गर्दै भन्नुभयो, "मलाई लाग्छ प्रगति भइरहेको छ ।"

रुटले सहयोगीहरूले किएभलाई समर्थन 'अटूट छ र जारी रहनेछ' भन्ने सन्देश दिएको बताउनुभयो ।

"युक्रेनको सदस्यताको लागि बोली 'अपरिवर्तनीय' रहेको उहाँको जिद्दीको बावजुद नेटोले ट्रम्पले अस्वीकार गरेपछि किएभको सदस्यताको लागि धक्काको कुनै पनि प्रसङ्गलाई बेवास्ता गर्नेछ," हङ्गेरीका क्रेमलिनमैत्री प्रधानमन्त्री भिक्टर ओर्बानले भन्नुभयो । "युक्रेनमा नेटोको कुनै काम छैन," उहाँले भन्नुभयो, "मेरो काम यसलाई यथास्थितिमा राख्नु हो।"

# नाटोको ५% खर्च सम्झौताको वास्तविक अर्थ के हो ?

एएफपी

हेग । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको कूल गार्हस्थ्य उत्पादन (जिडिपी) को पाँच प्रतिशतको मुख्य आँकडाको मगलाई सन्तुष्ट पार्न रक्षा खर्चको प्रतिज्ञामा नाटो नेताहरूले बुधबार आफ्नो हेग शिखर सम्मेलनमा हस्ताक्षर गर्ने तयारी गरेका छन् ।नाटोले के कुरामा हस्ताक्षर गरिरहेको छ त्यसका विवरणहरू यस्ता छन् :

**पाच प्रतिशत ? वास्तवमा होइन**

ट्रम्पले नाटो देशहरूले पाँच प्रतिशतको बार छुनुपर्छ भनेर जोड दिनुभएको छ । यो गठबन्धनले हाल आवश्यक गरेको दुई प्रतिशत आधारभूत स्तरभन्दा धेरै अगाडि हो ।पोल्यान्ड र बाल्टिक राष्ट्रहरू जस्ता मुट्ठीभर सहयोगीहरू मात्र यस समयमा पाँच प्रतिशतको नजिक आउँदैछन् । संयुक्त राज्य अमेरिका आफैं सन् २०२४ मा तीन दशमलव चार प्रतिशतभन्दा कम छ ।

नाटोका ३२ राष्ट्रले सन् २०३५ सम्ममा तीन दशमलव पाँच प्रतिशत मुख्य सैन्य आवश्यकताहरू र एक दशमलव पाँच प्रतिशत साइबर सुरक्षा र पूर्वाधार जस्ता व्यापक 'रक्षा-सम्बन्धित' क्षेत्रहरूमा समर्पित गर्ने सम्झौता गरेका छन् ।

यसले ट्रम्पलाई आफूले चाहेको जित दिन्छ र नगद अभावमा रहेका युरोपेली सरकारहरूलाई केही छुट दिन्छ ।यद्यपि यो अझै पनि धेरै सरकारहरूका लागि ठूलो माग हो र आगामी वर्षहरूमा बजेटमा अर्बौं थप्नेछ ।

**३.५ प्रतिशत के कुरामा ?**

खर्चको ठूलो हिस्सा अझै पनि नाटोको मुख्य फोकस क्षेत्रमा जानुपर्छ : कच्चा सैन्य शक्ति ।



गठबन्धनका सदस्यहरूले गत महिना रुसको खतरासँग सामना गर्न आवश्यक सबै हार्डवेयरका लागि नयाँ लक्ष्यहरूमा हस्ताक्षर गरेका थिए ।

सटीक विवरणहरू गोप्य छन् तर यसमा शीतयुद्धपछिको सबैभन्दा ठूलो क्षमता वृद्धि समावेश हुनेछ ।नाटो प्रमुख मार्क रुटले यसले गठबन्धनको हवाई सुरक्षामा पाँच गुणा वृद्धि तथा हजारौं थप ट्याङ्क र बख्तरबन्द सवारी साधनहरू शस्त्रागारमा थप्ने परिकल्पना गरेको बताउनुभयो ।देशहरूले युक्रेनलाई दिने अर्बौं डलरको सैन्य सहायतालाई पनि यस श्रेणीमा गणना गरिरहने छन् ।

**१.५ प्रतिशत ?**

प्रतिज्ञाको बाँकी हिस्साले पुल र सडकदेखि साइबर सुरक्षासम्मका धेरै व्यापक क्षेत्रलाई समेट्छ ।यी वस्तुहरू तुरुन्तै स्पष्ट नभए पनि कुनै पनि आक्रमणबाट बचाउन मद्दत गर्न महत्त्वपूर्ण रहेको नाटोले बताएको छ ।

"तपाईंले ट्याङ्कहरूलाई अग्रपङ्क्तिमा पुऱ्याउन सक्नुहुन्न किनभने सडक वा पुल वा रेलले ती ट्याङ्कहरू र तिनीहरूको तौल सम्हाल्न सक्दैन, तब स्पष्ट रूपमा तिनीहरू बेकार छन्", अमेरिकी नाटो राजदूत म्याथ्यु ह्वाइटेकरले भन्नुभयो ।नाटो अधिकारीहरूले यस खर्चको धेरैजसो राष्ट्रिय सरकारहरूको किताबमा पहिले नै हुनेछ र केवल पुनः नामकरण गर्न आवश्यक हुनेछ भन्ने स्वीकार गरेका छन् ।उदाहरणका लागि इटालीले सिसिलीलाई मुख्य भूमिसँग जोड्ने लामो योजनाबद्ध पुल त्यो श्रेणीमा पर्नुपर्छ भन्ने विश्वास गरेको बताएको छ ।

**कसैले जाच गर्छ ?**

देशहरू सम्झौतामा अडिग रहन सुनिश्चित गर्नु एउटा प्रमुख तत्व हो, किनकि विगतका नाटो प्रतिज्ञाहरूलाई प्रायः सम्मान गरिएको छैन ।

अधिकारीहरूले सुरुमा नाटो सदस्यहरूले लक्ष्यमा पुग्दासम्म एक वर्षमा शून्य दशमलव दुई प्रतिशत अङ्क वृद्धि गर्ने प्रतिबद्धता जनाउने योजना बनाएका थिए ।आफ्नो खुट्टामा बन्चरो हान्न नचाहेका सरकारहरूको विरोधका कारण त्यसलाई अन्ततः छाडिएको थियो ।

आफूहरूले कदम चालेको र आवश्यक वस्तुहरू खरीद गरिरहेको भनेर देखाउन अब देशहरूले प्रत्येक वर्ष नाटोमा रिपोर्टहरू पेस गर्नुपर्नेछ ।

सन् २०२९ मा नाटोले आवश्यक हतियारका लागि नयाँ लक्ष्यहरू लिएर आउँदा र मागहरू समायोजन गर्न सकिने बेला पनि समीक्षा हुनेछ ।यदि उनीहरूले आफ्नो वाचा पूरा गरेनन् भने सबैको काँधमा उभिनु ट्रम्पलाई निराश पार्ने अप्रिय सम्भावना हुनेछ ।

**कसैलाई छुट छ ?**

यो प्रश्न कसलाई गर्ने भन्ने कुरामा निर्भर गर्दछ ।नाटोका सबैभन्दा कम खर्च गर्नेहरूमध्ये एक स्पेन रुटसँग छुट्टै सम्झौता गरेपछि पाँच प्रतिशत लक्ष्य पूरा गर्नुपर्दैन भनी दाबी गर्दछ । तर नाटो प्रमुखले सम्झौताबाट कुनै 'अप्ट-आउट' छैन र हरेक देशले निर्धारित स्तरसम्म पुग्नुपर्नेछ भनी जोड दिनुभएको छ ।

# दक्षिणपश्चिम चीनमा बाढीबाट ८० हजारभन्दा बढी मानिस विस्थापित

एएफपी

साङ्घाई । चीनको दक्षिणपश्चिममा आएको बाढीले ८० हजारभन्दा बढी मानिसलाई विस्थापित गरेको सरकारी सञ्चारमाध्यमले बुधबार बताएको छ । भत्किएको पुलका कारण एक ट्रक चालकलाई पुलको छेउमा झुण्डिएको अवस्थामा नाटकीय रूपमा उद्धार गर्नुपरेको छ ।

चीनले चरम मौसमको गर्मीको सामना गरिरहेको छ । मुलुकमा गर्मीको लहरले देशको फराकिलो भागलाई तताइरहेको छ भने आँधीसहितको वर्षाले अन्य क्षेत्रलाई बगाएको छ ।दक्षिणपश्चिमी गुइझोउ प्रान्तमा मङ्गलबार दिउँसोसम्म करिब ८० हजार नौ सय जनालाई सुरक्षित स्थानमा सारिएको सरकारी समाचार एजेन्सी सिन्ह्वाले जनाएको छ ।रोङजियाङ काउन्टीमा एउटा फुटबल मैदान 'तीन मिटर पानीमुनि डुबेको' समाचार एजेन्सीले जनाएको छ ।

राज्य प्रसारणकर्ता सिसिटिभीको फुटेजले प्रान्तको एउटा पहाडी क्षेत्रमा गाउँहरू डुबानमा परेको र एउटा पुल भत्किएको देखाएको छ ।उद्धारकर्ताहरूले बासिन्दाहरूलाई बोकेर डुङ्गाहरूलाई हिलो, घुँडासम्म पानीमा धकेलिरहेका थिए र आपत्कालीन कर्मचारीहरू नजिकै आउँदा बालबालिकाहरू बालविकास केन्द्रमा पर्खिरहेका थिए ।"पानी धेरै चाँडो बढ्यो", बासिन्दा लोङ तिआनले भन्नुभयो, "म तेस्रो तल्लामा उद्धारको पर्खाइमा बसेँ । दिउँसोसम्म मलाई सुरक्षित ठाउँमा सारिएको थियो ।"

बाढी पीडितहरूका लागि चामल लगायत आपूर्तिहरू पुऱ्याउन ड्रोन तयार गरिरहेको एक टोली पनि देखिएको थियो ।

स्थानीय सञ्चारमाध्यमले प्रसारण गरेको भिडियोमा ट्रक चालक यू गुओचुनले भत्किएको पुलको खण्डको छेउमा अड्किएपछिको आफ्नो डरलाग्दो उद्धारको वर्णन गर्नुभएको छ ।"मेरो अगाडि एक पुल पूर्ण रूपमा भत्कियो", उहाँले भन्नुभयो, "म धेरै डराएको थिएँ ।"

**चरम मौसम**

बाढीले छिमेकी गुआङ्सी क्षेत्रमा पनि असर पारेको छ । सरकारी सञ्चारमाध्यमले त्यहाँ बासिन्दाहरूलाई सुरक्षित स्थानमा पुऱ्याउने उद्धारकर्ताहरूको भिडियो प्रकाशित गरेको छ ।

भारी वर्षाका कारण मध्य चिनियाँ प्रान्त हुनानमा गत हप्ता दशौं हजार मानिसलाई सुरक्षित स्थानमा सारिएको थियो ।टाइफुन वुटिपका कारण आएको भारी बाढीपछि केही दिनअघि नै दक्षिणी चीनमा करिब ७० हजार मानिस विस्थापित भएका थिए ।चिनियाँ अधिकारीहरूले गत हप्ता छ वटा क्षेत्रमा पहाडी बाढीका लागि वर्षको पहिलो रातो चेतावनी जारी गरे । रातो चेतावनी देशको चार-स्तरीय प्रणालीमा सबैभन्दा गम्भीर चेतावनी स्तर हो ।

# इरानी राष्ट्रपति पेजेस्कियनद्वारा '१२ दिने युद्धको अन्त्य भएको' जानकारी

सिन्ह्वा

तेहरान । इरानी राष्ट्रपति मसूद पेजेस्कियनले मंगलबार १२ दिने युद्धको अन्त्य भएको घोषणा गर्दै सबै सरकारी निकायलगायतका संस्थाहरूलाई पुनर्निर्माणमा आफ्ना सबै प्रयासहरू केन्द्रित गर्न आग्रह गर्नुभएको छ ।

पेजेस्कियनले युद्धविराम लागू भएपछि इरानी जनतालाई दिएको सन्देशमा भन्नुभयो "आज तपाईंको साहसी र ऐतिहासिक साथले हामी युद्धविराम र इजरायलले इरानविरूद्ध लादेको १२ दिनको युद्धको अन्त्य गर्न सफल भयौं ।"

इजरायल आणविक सुविधाहरू नष्ट गर्ने र आणविक ज्ञानलाई कमजोर पार्ने साथै सामाजिक उत्तेजना गराउने लक्ष्यहरू हासिल गर्न असफल भएको उहाँले बताउनुभएको छ ।

यसैगरी, इजरायल र यसका सहयोगीहरूले कब्जा गरिएका क्षेत्रहरूमा महत्वपूर्ण सुविधाहरू र केन्द्रहरूको विनाशले विश्वलाई एउटा प्रमुख सन्देश पठाएको र इरानविरुद्धको दुस्साहसको मूल्य अत्यधिक भारी भएको भन्ने बुझाएको बताउनुभएको छ ।

मङ्गलबार संयुक्त अरब इमिरेट्सका राष्ट्रपति शेख मोहम्मद बिन जायद अल नाह्यानसँगको फोनवार्तामा पेजेस्कियनले आफ्नो देश वार्ताको टेबलमा अन्तर्राष्ट्रिय ढाँचाभित्र सबै मुद्दाहरू समाधान गर्न तयार रहेको बताउनुभएको छ ।



अमेरिका र इजरायलले इस्लामिक देशहरूबीच कलह र शत्रुता सिर्जना गर्न खोजिरहेको बताउदै उहाँले इरानले यस क्षेत्रमा एकता र शान्ति बलियो बनाउन उनीहरूलाई विकासको गति बढाउनको लागि आधार मान्ने उल्लेख गर्नुभएको छ ।

यही जुन १३ मा इजरायलले आणविक र सैन्य स्थलसहित इरानका विभिन्न क्षेत्रहरूमा हवाई आक्रमण गर्दा वरिष्ठ कमान्डर, आणविक वैज्ञानिक र नागरिकहरूको मृत्यु भएको छ । इरानले इजरायलमा मिसाइल र ड्रोन आक्रमण गरी जवाफी हमला गर्दा कैयौं हताहत र भारी क्षति पुगेको जनाइएको छ ।

शनिबार अमेरिकी, एयर फोर्सले तीन इरानी आणविकस्थलहरू (फोर्डो, नटान्ज र इस्फहान-मा बम प्रहार गरेको थियो यसको जवाफमा इरानले सोमबार कतारस्थित अमेरिकी एयर बेसमा मिसाइल प्रहार गरेको छ ।


॥ हार्दिक श्रद्धाञ्जली ॥



स्व. डा.रामवीर राय

यस सीतामाता लक्ष्मीनारायण सेवा संस्था (पगलाबाबा धर्मशाला)का उपाध्यक्ष डा.रामवीर रायको मिति २०८२/०३/०६ गते भएको असमायिक निधनले हामी स्तब्ध भएका छौ ।

यस दुखद घडीमा शोकाकुल परिवार तथा इस्टमित्र एवं आफन्तहरुमा धैर्यधारण गर्न सक्ने शक्ति मिलोस भने कामना सहित दिवंगत आत्माको चीरशान्तिको कामनागर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौ । गर्दछौ ।

**रामरतन मिश्र**
अध्यक्ष
एवं
धर्मशाला परिवार, जनकपुरधाम-८

# नेपाली खानाको स्वाद चखाउँदै मास्टर सेफ सन्तोषको विश्व यात्रा




काठमाण्डु । बिबिसी मास्टर सेफ सन्तोष साह आगामी जुलाईमा अमेरिका जाँदै हुनुहुन्छ, त्यसपछि उहाँको जर्मनी जाने तालिका छ । केही वर्षयता विश्वभर नेपाली खाना प्रवर्द्धन गर्दै आउनुभएका उहाँको त्यसपछि पनि विभिन्न देश पुग्ने तालिका बनिसकेको छ । जुलाईमा हुने अमेरिका भ्रमण उहाँको तेस्रो भ्रमण हुनेछ भने जर्मनीमा चौथो ।

सन् २०२१ मा बिबिसी मास्टर सेफ भएपछि लण्डनबाट सुरू भएको उहाँको यो यात्रा अहिले विभिन्न देशमा फैलिँदो छ । नेपाली खानाको पहिचान विश्वभर फैलाउने उद्देश्यले सक्रिय उहाँलाई अहिले विभिन्न देशमा जान भ्याइनभ्याइ छ ।

बिबिसी मास्टर सेफ जितिसकेपछि संसारभर उहाँको वाहवाही चुलियो । उहाँले उक्त प्रतियोगितामा बनाएको कोदोको खिरको चर्चा अझ बढी भयो । धेरैले उहाँले बनाएको खानाको स्वाद लिन चाहन्थे । त्यसैलाई लक्षित गरी लण्डनमा चार महिनासम्मका लागि उनको विशेष कार्यक्रम आयोजना गरिएको थियो । यो उहाँको पहिलो 'पप-अप' थियो ।

"म बिबिसी मास्टर सेफ भएपछि धेरैले खोजी गर्न थाले, म त्यो समयमा इन्डियन रेष्टुरेन्टमा काम गर्दथे, रेष्टुरेन्टको मेन्युमा नेपाली परिकार थिएनन्, त्यसैले लण्डनमै कार्यक्रम आयोजना गरिएको थियो", सेफ साहले भन्नुभयो । उहाँको माग यति थियो कि उक्त कार्यक्रमको टिकट बिक्री खुलाएको दुई घण्टामै 'सोल्डआउट' भयो ।

उक्त पप-अप विभिन्न मितिका लागि आयोजना गरिएको थियो । एउटा कार्यक्रममा औसतमा २० देखि २२ जनाका लागि मात्रै सहभागी गराइएको थियो । चार महिनासम्म सञ्चालन हुने कार्यक्रमका लागि राखिएका ६०० टिकट निमेषभरमै सकियो ।

लण्डनको कार्यक्रम सकेपछि सोही वर्ष स्कटल्याण्डबाट पप-अपका लागि निम्तो आयो । स्कटल्याण्डमा नेपाली समुदायले नेपाली रेष्टुरेन्टमा विशेष कार्यक्रम आयोजना गरेका थिए । सेफ साहले त्यहाँ पनि आफ्नो पाककलाको कौशल पस्किनुभयो ।

त्यसको केही समयपछि मास्टर सेफका चार जना विजेताका लागि लण्डनमै विशेष कार्यक्रम आयोजना गरियो । सबैका दुई-दुई कोर्स हुने गरी आठ कोर्सको मेन्यु बनाइएको थियो । लगातारका कार्यक्रमले उहाँको चर्चा अझ चुलियो । विभिन्न देशबाट पप-अप कार्यक्रमका लागि माग आउन थाल्यो । साहलाई लाग्यो, नेपाली खानालाई विश्वभर फैलाउने यो उपयुक्त माध्यम बन्न सक्छ ।

त्यसपछि साहले आफ्नो पाककलालाई एउटा होटल वा रेष्टुरेन्टमा मात्रै सीमित नराखी विश्व यात्रालाई निरन्तरता दिने योजना बनाउनुभएको थियो । तत्कालीन समयमा उहाँले नेपालमै मिथिला थालीका नाममा रेष्टुरेन्ट सुरू गरेर यतै व्यवसाय गर्ने सोच बनाए पनि नेपाली खानालाई विश्वभर प्रवर्द्धनको कार्यक्रमलाई पनि निरन्तरता दिनुपर्छ भन्ने सोच बनाउनुभएको थियो ।

उहाँले सन् २०२२ मा जर्मनी र स्वीट्जरल्याण्डमा पप-अप कार्यक्रम आयोजना गर्नुभयो । अमेरिकामा पहिलो पटक जाँदा १४ ठाउँमा पप-अप आयोजना गरिएको थियो । जसमा सुरूआतमै सबै टिकट सोल्डआउट भएका थिए । यही सिलसिलामा साहले अष्ट्रेलियाका चार वटा र न्यूजिल्याण्डका पाँच सहरमा पप-अप कार्यक्रम सम्पन्न गर्नुभयो । अब भने उहाँको तालिकामा क्यानडा र जापनमा पप-अप कार्यक्रम बनिरहेको छ ।

नेपाली खाना पकाउँदै विश्व यात्रा सुरू गर्नुभएका साहले नेपालमा पनि निजी स्तरमा पप-अप आयोजना गरिरहनुहुन्छ । केही समय अघि नेपालका एक मात्र डलर अर्बपति बिनोद चौधरीको वैवाहिक वार्षिकोत्सव र अर्को चौधरीका पाहुनाका लागि मिथिला थालीमै विशेष पप-अप आयोजना गर्नुभएको थियो । "समयले भ्याएसम्म नेपालमै पनि पप-अप सो आयोजना गरिरहेको हुन्छु, विभिन्न संस्था तथा व्यक्तिका लागि केही कार्यक्रम आयोजना भइसकेका छन्", सेफ साहले भन्नुभयो ।

उहाँले च्यारिटीका लागि पनि पप-अप गर्नुभएको छ । स्वीट्जरल्याण्डमा विदेशीहरूमाझ गरिएको च्यारिटी पप-अपबाट सङ्कलन भएको रकम नेपालमा ल्याएर बोल्न र सुन्न नसक्नेहरूका लागि खर्च गरिएको थियो । उक्त रकमले पोखरामा बोल्न र सुन्न नसक्ने अपाङ्गता भएकाहरूलाई हस्पिटालिटीसम्बन्धी तालिम दिइएको थियो । त्यसबाहेक उदयपुरको बेलटार अस्पतालको क्यान्टिन निर्माणका लागि पनि गेट कलेज र पाटाको सहकार्यमा अन्नपूर्ण होटलमा पप-अप आयोजना गरिएको थियो । जसमा २०० भन्दा बढी मानिसहरू थिए । त्यसबाट सङ्कलत भएको रकम अस्पतालको क्यान्टिन निर्माणमा खर्चिएको थियो ।

साहका अनुसार उहाँको विश्व यात्राका क्रममा ठाउँअनुसार मेन्यु पनि आवश्यकताअनुसार परिवर्तन भइरहन्छ । तर नेवारी परिवकार वः अर्थात बारा र साँधेको भोगटे भने कहिल्यै नछुट्ने परिकारमा पर्छन् । यात्राका क्रममा उहाँलाई आउने अधिकांश प्रतिक्रियामध्ये एउटा हो, नेपाली खाना पस्कने उनको शैली । "नेपाली खानालाई पनि यति धेरै 'क्रियटिभ' र मीठासले तरिकाले सर्भ गर्न सकिने रहेछ भनेर आश्चर्य मान्नुहुन्छ", साहले भन्नुभयो, "मैले नेपालमा भएका विभिन्न खानालाई आधुनिक टचअप दिएको हुन्छु, नयाँ शैलीमा पुरानै स्वाद चाख्न पाउँदा उहाँहरू निकै हर्षित हुनुहुन्छ ।"

साहले बनाएको जुजु धौ (दही)को परिकारलाई धेरैले मन पराएका छन् । जुजु धौमा स्मोकी फ्लेवर, हिमालयन मह, गुराँसको फूल उमालेको पानी, जाम र जेरी क्रम्बल गरिएको बेक्ड जुजुधौ अधिकांशले मन पराउने परिकारमा पर्छ । साथै भाङको पातको पकौडा पनि धेरैले मन पराएका छन् । भाङको पातको पकौडामा डल्ले खुर्सानी, चाट मसला मिश्रण गरिएको हुन्छ । त्यसैगरी मासको दाल, याक चिज मिसाइएको काँचो केराको फुलौरा पनि साहको उत्कृष्ट परिकारमा पर्छ ।

विश्व यात्राका दौरानमा अमेरिकामा आयोजना भएको ममः महोत्सवमा उहाँले बनाएको कोदोको खिर खानेहरूले मुक्तकण्ठले साहको प्रसंशा गरेको सम्झना साहलाई अझै ताजा छ । उहाँले अधिकांश स्थानमा १० देखि १७ कोर्ससम्मको मेन्यु बनाउनुहुन्छ । रासस

# कोशी प्रदेशसभामा विनियोजन विधेयकमाथिको छलफल सकियो




विराटनगर । आर्थिक वर्ष २०८२/८३ को विनियोजन विधेयकमाथिको छलफल सकिएको छ । यही असार ७ गते टेबुल भएको विनियोजन विधेयकमा ३८ जना कोशी प्रदेशसभा सदस्यहरूले भाग लिनुभएको थियो ।

प्रदेशसभा सदस्यहरूको जिज्ञासाको जवाफ दिँदै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर मगरले बजेटमा पुँजीगत खर्चभन्दा चालु खर्च बढी देखिनुका कारण सङ्घबाट प्राप्त हुने रकम पनि चालु खर्चमै राख्नुपर्ने बाध्यता भएको स्पष्ट पार्नुभयो । उहाँले कोशी प्रदेशमा लोक सेवाबाट कर्मचारी पदपूर्ति हुनु र कर्मचारीको महँगी भत्ता पनि वृद्धि हुनुले चालु खर्च बढेको जानकारी दिनुभयो ।

योजना बैंकमा ५० हजारभन्दा बढी योजना समावेश हुनु सरकारको पहिलो अभ्यास हो भन्दै सांसदहरूले छानेका योजना र सरकारले आवश्यकता महसुस गरेका योजनामा मात्र बजेट विनियोजन हुनुपर्ने बताउनुभयो। उद्योग, कृषि तथा सहकारीमन्त्री खगेनसिं हाङ्गमले कृषिलाई चाहिने रासायनिक मलका निम्ति प्रदेश सरकारले समन्वय गर्न मात्र सक्ने बताउनुभयो । उहाँले विकासे बजेटले रोजगार सिर्जना गर्न नसक्ने भएकाले उत्पादन क्षेत्रमा बजेट विनियोजन गरिएको स्पष्ट पार्नुभयो ।

खानेपानी, सिँचाइ तथा ऊर्जामन्त्री एकराज कार्कीले मन्त्रालयअन्तर्गत दुई हजार ८२८ योजना सञ्चालनमा रहेको बताउँदै १४ वटा स्थानीय तहमा बास प्लान्टका लागि बजेट विनियोजन गरेको बताउनुभयो । उहाँले ३७ वटा बहुवर्षीय योजना समावेश भएको भन्दै प्रदेश सरकारले थोरै समयमा १२ हजार ८०० हेक्टर जग्गामा सिँचाइको प्रबन्ध मिलाएको छ भन्नुभयो ।

आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीले विपद् व्यवस्थापन, कानुन निर्माण, यातायात व्यवस्थापन र भूमि व्यवस्थापनका लागि मन्त्रालयले कूल रु ९६ करोड बजेट विनियोजन गरेको जानकारी दिनुभयो । सीमित बजेटबाट प्रदेशले अत्यधिक लाभ लिने र जनतामा सुशासन, शान्ति र सेवा प्रवाहजस्ता कार्यमा बजेटको समुचित उपयोग हुने उहाँले बताउनुभयो ।

मन्त्री भण्डारीले जनताको चाहनाअनुसार प्रहरी चौकी भवन निर्माण गर्ने एवं अधुरा रहेका प्रहरी चौकीलाई पूर्णता दिने भन्दै सरकार लागुऔषध नियन्त्रण, सवारी दुर्घटनालाई न्यूनीकरणजस्ता क्षेत्रमा योजनाबद्ध काम गर्ने जानकारी दिनुभयो ।

पर्यटन, वन तथा वातावरणमन्त्री सदानन्द मण्डलले आफूले कुनै पनि अराजक काम नगरेको, जनताको चाहना अनुसारकै योजनामा बजेट विनियोजन गरेको स्पष्ट पार्दै सरकार पर्यटन प्रवर्द्धन, पदमार्ग निर्माणका लागि बजेटको व्यवस्था गरेको जानकारी दिनुभयो ।

भौतिक पूर्वाधार तथा स्वास्थ्यमन्त्री भूपेन्द्र राईले प्रदेश मातहतमा रहेका जिल्ला सरकारी अस्पताललाई व्यवस्थित गर्ने जानकारी दिनुभयो । उहाँले अस्पतालमा जनशक्ति भएको ठाउँमा उपकरण नहुने र उपकरण भएको ठाउँमा जनशक्ति नहुने अव्यवस्थालाई व्यवस्थित गरिने स्पष्ट पार्नुभयो । उहाँले अस्पतालको स्तरोन्नतिसँगै जनशक्तिको आवश्यक प्रबन्ध मिलाउनका लागि बजेट व्यवस्था गरिएको बताउनुभयो ।

सामाजिक विकासमन्त्री पाँचकर्ण राईले ४४ वटा कार्यक्षेत्र रहेको यो मन्त्रालयमा व्यवस्था भएको बजेटबाट सक्दो जनताको माग सम्बोधन हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले मुसहर समुदायका लागि सक्षम छोरी र पहाडमा आवासीय विद्यालय निर्माण गर्न पनि बजेट विनियोजन भएको बताउनुभयो । रासस

# मालारानीले प्राङ्गारिक मल कारखाना सञ्चालन गर्ने

काठमाण्डु । मालारानी गाउँपालिकाले आर्थिक वर्ष २०८२/८३ का लागि रु ६२ करोड ९२ लाख ५१ हजार को बजेट सार्वजनिक गरेको छ ।

'कृषि, पर्यटन र सहकारीः समृद्धमालारानी' भन्नेमूल नारामा आधारित रहेर गाउँपालिका उपाध्यक्ष दीपा पोखरेलले बजेट प्रस्तुत गर्नुभएको हो । सोअन्तर्गत चालुतर्फ रु ४५ करोड ७१ लाख २९ हजार र पुँजीगततर्फ रु १७ करोड २१ लाख २२ हजार विनियोजन गरिएको छ ।



गाउँपालिकाको बजेट कृषि, पशुपालन, सामाजिक सुरक्षा, पूर्वाधार, स्वास्थ्य, शिक्षा र सूचना प्रविधिलगायतका कार्यक्रम समेटिएको छ । प्राङ्गारिक मल कारखाना स्थापना गर्ने, किसानका उत्पादन बजारसम्म पुर्याउन ढुवानीमा अनुदान र मालारानी-८ मा मसला उद्योग स्थापना गर्ने अध्यक्ष दलबहादुर भट्टराईले बताउनुभयो ।

शिक्षा क्षेत्रमा स्थानीय पाठ्यक्रम 'हाम्रो मालारानी' विकास, छात्रवृत्ति, विज्ञान प्रविधि शिक्षा र शिक्षक तालिमलाई प्राथमिकता दिइएको छ । पूर्वाधार निर्माणमा रु छ करोड ३० लाख, सामाजिक विकासमा रु सात करोड ३७ लाख ५१ हजार, स्वास्थ्य सेवामा दीर्घरोगी निःशुल्क औषधिको लागि रु २० लाख रकम विनियोजन भएको छ भने नवजात सेवा र ल्याब विस्तारका कार्यक्रम समावेश गरिएको प्रमुख प्रशासकीय अधिकृत गोविन्द भट्टराईले जानकारी दिनुभयो ।

यस्तै गाइड तालिम, पर्यटकीय नक्सा प्रकाशन र भगवती मन्दिरको पूर्वाधार निर्माणका योजना बजेटमा समेटिएका छन् । वडास्तरीय विकासका लागि रु एक करोड ५७ लाख ५० हजार, संस्थागत विकास तथा सुशासनतर्फ रु आठ करोड ५२ लाख ५० हजार, वन, वातावरण तथा विपद् व्यवस्थापनमा रु ५८ लाख विनियोजन गरिएको योजना अधिकृत नेत्र खनालले बताउनुभयो । साथै महिला, दलित, अपांगता भएका व्यक्ति, वृद्ध, बालबालिका र सुकुम्बासी लक्षित कार्यक्रम समावेश गरिएको छ ।

यसैगरी सन्धिखर्क नगरपालिकाले आगामी वर्षका लागि रु एक अर्ब ११ करोड १४ लाखको बजेटसहित नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । नगरपालिकाको १८ औं नगरसभा तथा अधिवेशनको उद्घाटन मङ्गलबार नगर प्रमुख एवं सभाध्यक्ष कृष्णप्रसाद श्रेष्ठले गर्नुभएको थियो ।

नगरसभामा उपाध्यक्ष मिश्रा आचार्य, प्रमुख प्रशासकीय अधिकृत तथा सचिव खिमानन्द भुसाल, वडाध्यक्षहरू, कार्यपालिका सदस्य र नगरसभा सदस्य तथा विभिन्न शाखाका कर्मचारीको उपस्थिति रहेको थियो । सभामा नगर प्रमुख श्रेष्ठले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभयो । नगर प्रमुख श्रेष्ठले प्रस्तुत गरेको नीति तथा कार्यक्रम सर्व सहमतिले पास गरिएको छ ।

नगर उपप्रमुख आचार्यले बजेट पेस गर्नुभयो । प्रस्तावित बजेटमा पुँजीगततर्फ रु ३२ करोड ३८ लाख ६७ हजार ७२५ र चालुतर्फ रु ५६ करोड ७५ लाख ३२ हजार २२५ विनियोजन गरिएको छ । अन्य रकम सामाजिक सुरक्षामा गरेर रु एक अर्ब ११ करोड १४ लाखको बजेट रहेको छ ।

नगर प्रमुख श्रेष्ठले 'सेवाको वरिपरि जनता होइन, जनताको वरिपरि सेवा' भन्ने अवधारणा कार्यान्वयनमा ल्याइने प्रतिबद्धता जनाउनुभएको थियो । नगरवासीको जीवनस्तर सुधार र सहज सेवाप्रवाह सुनिश्चित गर्न नागरिक आवश्यकतालाई केन्द्रमा राखेर योजना निर्माण गरिने उहाँको भनाइ थियो । रासस

# नेप्से परिसूचकमा सामान्य अङ्कको गिरावट

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको गिरावट देखिएको छ । बुधबार नेप्से परिसूचक शून्य दशमलव ३३ अङ्कले घटेर दुई हजार ६०० दशमलव २० को विन्दुमा कायम भएको हो ।

बुधबार तीन सय ११ कम्पनीको एक करोड ३७ लाख ५९ हजार ६०४ कित्ता शेयर ६१ हजार ८२४ पटक खरिदबिक्री हुँदा रू पाँच अर्ब ९४ करोड २८ लाख ५२ हजार २५६ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

बुधबारको कारोबारमा विकास बैंक शून्य दशमलव ०२, होटल तथा पर्यटन एक दशमलव ४३, जलविद्युत् शून्य दशमलव ६७, जीवन बीमा शून्य दशमलव ०६, म्युचुअल फन्ड शून्य दशमलव ०९ र निर्जीवन बीमा शून्य दशमलव १० प्रतिशतले बढेको छ । अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव ०९, वित्त शून्य दशमलव ४८, लगानी शून्य दशमलव ४०, उत्पादन तथा प्रशोधन शून्य दशमलव २०, लघुवित्त शून्य दशमलव २१, व्यापार एक दशमलव ०७ र अन्य समूह शून्य दशमलव २१ प्रतिशतले घटेको छ ।

मोदी इनर्जी लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ९९ प्रतिशतले बढेको छ भने सबैभन्दा धेरै घट्नेमा जोशी हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्य नौ दशमलव ५१ प्रतिशतले घटेको छ ।

कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा बुधबार सबैभन्दा धेरै वुटवल पावर कम्पनी लिमिटेडको रू ५३ करोड ९४ लाख ५७ हजार ३२६ बराबरको छ लाख ५४ हजार २९० कित्ता शेयर किनबेच भएको छ । रासस


## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा
## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

जिल्ला धनुषा फुलगामा गा.वि.स. वडा नं. ८ हाल नगराईन न.पा. वडा नं. १ मा बस्ने सन्त साहुको नाती लक्ष्मी साहु सुडीको छोरा मकसुदन साहु सुडीले मेरो नाममा दर्ता रहेको तपसिल बमोजिमको जग्गाको स्रेस्ता जीर्ण भई च्यातिएर नष्ट भएकोले स्रेस्ता कायम गरी जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपी पाउँ भनी द.नं.२७०७६ मिति २०८२/०२/२५ को यस कार्यालयमा माग निवेदन परी उक्त निवेदनको कारवाही सम्बन्धमा मोठ रोक्का भिडाउँदा उक्त जग्गाहरुको स्रेस्ता जीर्ण भई च्यातिएर नष्ट भएको लेखि आएकोले हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८२/०३/१० को आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः माग दाबी बमोजिम निवेदकको नाममा स्रेस्ता कायम गरी जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपी उपलब्ध गराउन नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला । सूचना गर्नु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

तपसिल

| दर्तावाला | क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| मकसुदन साहु सुडी | फुलगामा | १क | ३३६ | ०-४-१३-८ |
| मकसुदन साहु सुडी | फुलगामा | १क | ३४४ | ०-४-१४-८ |
| मकसुदन साहु सुडी | फुलगामा | १क | ३६३ | ०-४-६-० |
| मकसुदन साहु सुडी | फुलगामा | १क | ३७५ | ०-४-१८-० |
| मकसुदन साहु सुडी | फुलगामा | ८ | १९३ | ०-३-९-८ |
| मकसुदन साहु सुडी | फुलगामा | ८ | ३७१ | ०-७-२-० |



## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा
## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

जिल्ला धनुषा सिनुरजोडा गा.वि.स. वडा नं.६ हाल परिवर्तित लक्ष्मीनियाँ गा.पा.वडा नं.२ मा बस्ने सुनर यादवको नाती रामसागर यादवको छोरा रामबाबु यादवले बुवा रामसागर यादवको नाउँमा कायम रहेको साविक मौजे गम्हरियाको सा.कि.नं.९० क्षेत्रफल ०-८-२ जग्गा सर्वे नापी हुँदा जिल्ला धनुषा सपही गा.वि.स.वडा नं.४घ कि.नं. ४८ क्षेत्रफल ०-७-१ जग्गा निजकै नाउँमा नापनक्सा भई निज नापीको बखत अनुपस्थित भएको कारण दर्ता गर्न छुट भएकोमा निजको मिति २०४५/०६/१५ मा मृत्यु भई हकखाने एकमात्र पत्नी सुर्ति देवी यादवनीको पनि मिति २०५७/०१/२५ मा मृत्यु भई निजहरुको हकभोग खाने पाँच छोराहरु रामबाबु यादव-१, श्याम यादव-१, दिनेश यादव-१, अरविन्द कुमार यादव-१ र लालबाबु यादव-१ समेत ५ जना भएकोमा श्याम यादवको मिति २०५५/०४/०८ मा मृत्यु भई निजको हकभोग खाने एकमात्र पत्नी गोल्हो देवी यादवनी भएकोमा गोल्हो देवी यादवनी-१, दिनेश यादव-१, अरविन्द कुमार यादव-१ र लालबाबु यादव-१ समेत ४ जनाको मंजुरीले उक्त जग्गा मेरो नाममा छुट जग्गा दर्ता नामसारी गरि पाउँ भनी निवेदक रामबाबु यादवको द.नं.२०८५७ मिति २०८१/०३/०२ को यस कार्यालयमा माग निवेदन परी उक्त निवेदनको कारवाही सम्बन्धमा हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८२/०३/०८ को आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः माग दाबी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतीस) दिन भित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला । सूचना गर्नु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

तपसिल

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | फिल्डबुकको कैफियत महलको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | सपही | ४घ | ४८ | ०-७-१ | यो जग्गा सिनुरजोडा वा.नं. मा बस्ने रामसागरको नम्बरी जोत सीम चमारको जोत हो नपाई दिएको वा.स. दस्तखत |



## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. शाखा कार्यालय बरहथवाको २१ दिने सूचना

यस बैंकको तपसीलका कार्यालयहरुबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने ब्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ ।

तपसिल

| क्र.सं. | कर्जा ग्राहकको नाम | मिसिल नं. | ठेगाना | ग्राहकको पिता/पतिको नाम | बाजेको नाम | उद्देश्य | साँवा रकम रु. | २०८२।०३।१० सम्मको व्याज रकम | जम्मा तिर्नुपर्ने रकम | धितो मन्जुरीनामा दिने/जमानत बस्नेको नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बलराम शर्मा बाहुन | ९७४७ | बरहथवा-६, सर्लाही | जोगिन्द्र शर्मा | राम असिस शर्मा | सरल कृषि कर्जा | २०,००,०००।०० | ४,८७,४९३।९० | २४,८७,४९३।९० | सैल देवी शर्मा मिन्टु देवी शर्मा |

कृषि विकास बैंक लि.
प्रदेश कार्यालय बीरगंज

# इलेक्ट्रोनिक्स इञ्जिनियरद्वारा जनप्रतिनिधिबाट धाकधम्कीको आरोप




**टुडे समाचारदाता**

जलेश्वर। महोत्तरीको जलेश्वर नगरपालिकामा हालै देखिएको विद्युत लाइट तथा सिसी क्यामेरा जडान प्रकरणको भुक्तानी प्रक्रियामा गम्भीर त्रुटि देखिएपछि विवाद उत्पन्न भएको छ । भुक्तानीका लागि तयार गरिएको प्रतिवेदनमा सही र छाप गर्न इन्कार गरेपछि इलेक्ट्रोनिक्स इञ्जिनियर सन्जु रञ्जन ठाकुरमाथि नगरपालिकाका जनप्रतिनिधिहरूद्वारा धाकधम्की र गालीगलौज गरिएको आरोप लागेको छ।

इञ्जिनियर ठाकुरले जनाए अनुसार उनले काम सम्पन्न प्रतिवेदनमा प्राविधिक त्रुटि, आवश्यक कागजातको अभाव र गुणस्तरमा समस्या देखिएको भन्दै दस्तखत गर्न अस्वीकार गरेका थिए । तर जनप्रतिनिधिहरूले जबरजस्ती सही गराउन खोज्दै मानसिक दबाब दिइएको, अपशब्द प्रयोग गरिएको र धम्कीसमेत दिएको उनले बताए।

सो घटनाक्रम जलेश्वर नगर कार्यपालिकाको कार्यालयमै घटेको बताइएको छ । हालसम्म नगरपालिकाले यसबारे कुनै औपचारिक प्रतिक्रिया दिएको छैन।

यता विभिन्न प्राविधिक संघसंस्थाहरूले घटनाप्रति आपत्ति जनाउँदै दोषीमाथि निष्पक्ष छानबिनको माग गरेका छन् ।

# आन्दोलनका लागि 'डोटिम' परिसंघ गठन

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालले विभिन्न पाँच वटा कलस्टरहरूलाई मिलाएर एक संगठन बनाइ आन्दोलनको तयारी थालेको जनाएको छ।

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले चन्देश्वर पासवानको नेतृत्वमा दलित, पिछडावर्ग, थारू, आदिवासी र अल्पसंख्यकलाई एकै ठाउँमा राखेर 'डोटिम' परिसंघ गठन गरेको जनाएका छन् । जसले आन्दोलनको तयारी गर्ने जनाइएको छ।

यस्तो किन भन्ने जिज्ञासामा डोटिम परिसंघका संयोजक पासवानले भने, 'एक्लाएक्लै आन्दोलन गरेर सम्भव नदेखिएकाले पाँचै वटा कलस्टरलाई मिलाएर आन्दोलनको तयारी भइरहको बताए।

'पार्टीमा छुट्टाछुट्टै भ्रातृ संगठन पनि छ, त्यसले आफ्नो तरिकाले कार्यक्रम र गतिविधिहरू गर्नेछन् तर संयुक्त आन्दोलन तथा संघर्षका लागि यो परिसंघ गठन गरेका हौँ,' उनले प्रस्ट पारे ।

पहिलो चरणमा सात वटा जिल्लामा कार्यक्रमहरू गर्ने, त्यसपछि आन्दोलनको एउटा स्वरूप तयार गरी त्यसमा लाग्ने उनले जानकारी दिए। 'अन्ततः गर्ने आन्दोलन नै हो, तर अहिले त्यसको तयारी भइरहेको छ ।' उनका अनुसार




असार २८ गते काठमाण्डुमा बागमती प्रदेशको विशाल कार्यक्रम हुनेछ। त्यो कार्यक्रमले पनि एउटा सन्देश दिने उनले बताए।


नेपालमा पटक-पटकका संघर्ष र राजनीतिक परिवर्तन भए पनि सबै ठाउँमा एकल जातीय वर्चस्व, सामन्तवादी चिन्तनले दलित, पिछडावर्ग, थारू, आदिवासी जनजाति र अल्पसङ्ख्यक समुदायहरूमाथि असमानता कायम रहेको उनको भनाइ थियो।

राजनीतिक, आर्थिक र सामाजिक बहिष्करण तथा सीमान्तीकरण भनेको ऐतिहासिक, सामाजिक र संरचनागत असमानताको परिणाम रहेको जसपा नेपालले जनाएको छ। राज्यबाट बहिष्करणमा पारिएका समुदायको अधिकार र न्याय प्राप्तिका लागि भइरहेको आन्दोलनहरूप्रति ऐक्यबद्धता जनाउने र आवश्यक कार्य गर्ने परिसंघका संयोजक पासवानले बताए।

पूर्ण समानुपातिक निर्वाचन प्रणाली, प्रतिनिधिसभा र राष्ट्रियसभामा समान जनसंख्याका आधारमा प्रतिनिधित्वको व्यवस्था र स्थानीय तहलाई प्रदेशको क्षेत्राधिकारभित्र रहने व्यवस्था गराउन पनि आन्दोलन गरिने उनले बताए।

# कंक्रिट संरचनामा योजना बिना विनियोजन

**टुडे समाचारदाता**



जनकपुरधाम । मधेश प्रदेशसभाकोपाँचौंअधिवेशनअन्तर्गत १२ औं बैठकमा आर्थिक वर्ष २०८२/०८३ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि छलफल भएको छ । बुधबारको बैठकमा अर्थमन्त्री सुनिल कुमार यादवले बजेटमाथि छलफल प्रस्ताव राखेका थिए।

जनता समाजवादी पार्टी नेपाल मधेश प्रदेशका प्रमुख सचेतक रामअशिष यादवले बजेटप्रति आपत्ति जनाएका छन्। प्रमुख सचेतक यादवले भने, "यो बजेटले मधेशको भविष्य र दिशालाई निर्देशन गर्ने बेला रहे पनि सुधारको गति देखिएको छैन । बजेट नवौं भए पनि विकासको गति अनुसारको प्रतिविम्ब देखिएन।" उनले कृषिको अपेक्षाकृत बजेट कटौती, शिक्षामा न्यून ध्यान, र पर्यटनको उपेक्षा भएको आरोप लगाए।

मुख्यमन्त्री नै छलफलमा अनुपस्थित रहेको प्रति आक्रोश व्यक्त गर्दै प्रमुख सचेतक यादवले प्रश्नसमेत गरे। उनले भने, "सरकार कतिको गम्भीर छ ? रेडबुकले देखाएको छ कि मन्त्रीहरूले मनपरी गरेका छन् ।" उनले कंक्रिट संरचनामा योजना बिना नै ठूलो रकम विनियोजन गरिएको उल्लेख गर्दै यस्तो अंहकारजन्य प्रवृत्तिको जनताले जवाफ दिने चेतावनी दिए।

प्रदेश सांसद रमिता प्रधानले बजेट कार्यान्वयनमा सबैको साझा पहल आवश्यक रहेको बताइन्। उनले भने, "टिकाटिप्पणीभन्दा महत्वपूर्ण बजेटको प्रभावकारी कार्यान्वयन हो, इमान्दार भएर काम गरिए पक्कै परिवर्तन सम्भव छ।"

प्रदेशसभाको बैठक असार १२ गते बिहीबार दिउँसो १ बजे पुनः बस्ने सभामुख रामचन्द्र मण्डलले जानकारी दिए।

# प्रदेश सरकारद्वारा उच्चस्तरिय समिति गठन

**टुडे समाचारदाता**

जनकपुरधाम । उद्योग तथा व्यवसाय क्षेत्रसँग सम्बन्धित समस्या समाधान, कानुनी सुधार र समन्वयका लागि मुख्यमन्त्री सतीशकुमार सिंहको संयोजकत्वमा मधेश प्रदेश सरकारले उच्चस्तरीय समिति गठन गरेको छ।

मधेश प्रदेश सरकारको कार्यविभाजन नियमावली, २०७९ को अनुसूची २ अनुसार प्रक्रिया अगाडि बढाउँदै गठन गरिएको समितिले मधेशको उद्योग क्षेत्रलाई आधुनिकीकरण गर्ने, निजी क्षेत्रसँग सहकार्यमा नीतिगत रूपरेखा तय गर्ने र अवरोध सिर्जना गरिरहेका कानुनी जटिलताहरू हटाउने छन्।

प्रदेशका विभिन्न मन्त्रालय, निकाय तथा निजी क्षेत्रका प्रतिनिधिहरू सम्मिलित समितिमा नीति निर्माणदेखि कार्यान्वयन तहसम्मको सहभागिता सुनिश्चित गरिने




योजना रहेको जनाइएको छ।

मुख्यमन्त्री सिंह संयोजकत्वमा रहेको सो समितिमा अर्थमन्त्री, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिव, नीति तथा योजना आयोगका उपाध्यक्ष, सम्बन्धित मन्त्रालयका सचिवलगायत सरकारी पदाधिकारीहरू सदस्य छन्।

निजी क्षेत्रबाट नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका अध्यक्ष अशोक टेमानी, निवर्तमान अध्यक्ष गणेश लाठ, वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद गौतम, महासंघका उपाध्यक्ष जितेन्द्र महासेट, होटल तथा पर्यटन व्यवसायी संघका अध्यक्ष हिरालाल गौतम, सिएनआई मधेश प्रदेश अध्यक्ष प्रमोद शाह र वस्तुगत संघका प्रतिनिधि सुधिर अग्रवाल सदस्य छन्।

सो समितिको सदस्य-सचिवमा भने पछि मुख्यमन्त्री सिंहको तजविजमा रहेका छन्।

सदस्य सविचका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिवले तोकेको मन्त्रालयका अधिकृतस्तरको कर्मचारी रहने व्यवस्था गरिएको छ।

# प्रादेशिक व्यापार तथा व्यवसाय प्रवर्द्धनको विधेयक सच्याउन माग



**टुडे समाचारदाता**

जनकपुरधाम । प्रादेशिक व्यापार तथा व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा बनेको विधेयकमाथि छलफल भएको छ।

जनकपुरधाममा बुधबार प्राकृतिक स्रोत तथा वातावरण समितिको आयोजना तथा नेपाल मधेश फाउण्डेशनको समयोजनमा भएको छलफल कार्यक्रममा जनता समाजवादी पार्टी नेपाल मधेश प्रदेशका प्रमुख सचेतक रामअशिष यादवले व्यापार तथा व्यवसाय प्रवर्द्धन गर्नका लागि बनेको विधेयकमा रहेका केही त्रुटिहरु तत्काल सच्याउन आग्रह गरे।

प्रमुख सचेतक यादवले व्यापारी तथा व्यवसायीसंग छलफल गरेर ल्याउनु पर्ने विधेयक अन्यत्रको प्रदेशबाट कपीपेस्ट गरेर ल्याएको आरोपसमेत लगाए।

उनले मधेश प्रदेशका व्यापारीहरुले चोर बाटो अवलम्बन नगरोस् भन्ने नियत राज्यको पनि हुनुपर्ने र सोही अनुसार व्यापारीहरुसंग लिनुपर्ने जरिवानाप्रतिपुनर्विचारगर्नुपर्नेधारणा राखे।

सो क्रममा मधेश प्रदेश उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष जितेन्द्र महासेठले प्रादेशिक व्यापार तथा व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा बनेको विधेयकमा रहेको त्रुटि तत्काल सच्याउनका लागि व्यवसायीहरुसंग विचारविमर्शका लागि आग्रह गरे । उनले प्रदेश सरकारले ल्याउन लागेको विधेयक मैत्रीपूर्ण हुनुपर्ने र सोका लागि सरकार गम्भीर हुनुपर्ने बताए।

प्राकृतिक स्रोत तथा वातावरण समितिको अध्यक्ष शारदा पहाडी दासको अध्यक्षतामा भएको सो अन्तर्क्रिया कार्यक्रममा अधिवक्ता रुकमिणी महर्जनले सहजीकरण गरेका थिए।

अधिवक्ता महर्जनले व्यापार तथा व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धना नेपालको संविधान प्रावधान तथा विभिन्न कानुन अड्चनलगायतका विषयवस्तुमाथि प्रकाश पारेकी थिइन्।

प्रादेशिक व्यापार तथा व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा बनेको विधेयकमाथि प्रदेशसभा सचिवालयमा प्रमुख सचेतक राम अशिष यादव र प्रदेश सांसद अनिरुद्ध सिंहले संशोधन प्रस्ताव दर्ता गराएका छन्।

सो अन्तर्क्रिया कार्यक्रममा प्राकृतिक स्रोत तथा वातावरण समितिका सदस्यहरू, संशोधनकर्ता, विज्ञ तथा सरोकारवालाबीच अन्तर्क्रिया कार्यक्रम भएको थियो।

# मुख्यमन्त्री अन्तर-प्रदेश राष्ट्रिय कबड्डी प्रतियोगिता शुरु




**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले ५० लाख रुपैयाँ खर्च गरेर मुख्यमन्त्री अन्तर-प्रदेश राष्ट्रिय कबड्डी प्रतियोगिता बिहीबारदेखि शुरु भएको छ। तर सो प्रतियोगिताको पुरस्कार राशी सुनेर सात वटै प्रदेशबाट सहभागी भएका खेलाडीहरुले भने घुमाउरोपाराले असन्तुष्टि जनाएका छन्।

असार मसान्तमा हतारहतारमा हुन लागेको मुख्यमन्त्री अन्तर-प्रदेश राष्ट्रिय कबड्डी प्रतियोगिता आफैंमा शंकास्पद रहे पनि तामझामसहित गरिने सो प्रतियोगितामा दुरदराजबाट आएका खेलाडीको समेत सम्मान गर्ने मानसिकता मधेश प्रदेश सरकारको नरहेको टिप्पणीसमेत हुन थालेको छ।

बिहीबारदेखि शुरु हुने सो प्रतियोगिता शनिबारसम्म सञ्चालन हुने प्रतियोगितामा सातवटै प्रदेशको कबड्डी टिम सहभागी जनकपुरधाम आइपुगेको आयोजकले जनाएको मधेश खेलकुद परिषद्का सदस्य सचिव शिवजीप्रसाद कानुले जानकारी दिए।

परिषद्का सदस्य सचिव कानुले प्रत्येक प्रदेशबाट १२ जनाको दरले ८४ जना खेलाडी सहभागी हुने बताए। मधेश प्रदेशको मौलिकतालाई चिनाउने खेल भएकाले यो प्रतियोगिता महत्वपूर्ण रहेको बताए । उनले मधेश सुगम ठाउँ रहेकाले खेलकुदलाई जोड्यो भने खेलकुदको मार्फतले राष्ट्रको सम्पतिको रुपमा धेरै खेलाडी उत्पादन गर्न सकिने बताए।

सो प्रतियोगितामा प्रथम हुने टोलीलाई २५ हजार रुपैयाँ, दोस्रो हुने टोलीलाई २० हजार रुपैयाँ र तेस्रो हुने टोलीलाई १५ हजार रुपैयाँ पुरस्कार दिइने सदस्य सचिव कानुले बताए।

उनले कार्यविधिका कारण पुरस्कार राशी बढाउन नमिल्ने स्पष्ट पारे । अन्तरप्रदेश स्तरको प्रतियोगिता गर्दा प्रथम, दोस्रो र तेस्रोलाई क्रमश २५ हजार ,२० हजार र १५ हजार रुपैयाँ पुरस्कारको व्यवस्था कार्यविधिमै उल्लेख रहेको उनको भनाइ छ । उनले यसका अतिरिक्त खेलाडीले कार्यविधि अनुसार ५ दिनको १२ सय देखि १६ सयसम्म भत्ता पाउने बताए।

कानुन अनुसार खेलाडीको दुबै तर्फको भाडा, आउने-जाने दुई दिन र तीन दिन प्रतियोगिता खेल्ने गरी ५ दिनको भत्ता पाउने बताए। सदस्य सचिव कानुले भने अनुसार प्रत्येक खेलाडीले १६ सयको दरले भत्ता पाएपनि ८४ जना खेलाडीमा ६ लाख ७२ हजार मात्र खर्च हुन्छ।

सो प्रतियोगितामा ८४ जना खेलाडीबाहेक सहभागी सातवटै प्रदेश टिमका प्रशिक्षक तथा व्यवस्थापक गरी १४ जना, सहभागी निर्णायक, अफिसियल, संघ प्रतिनिधि स्वयंसेवक ५२ जना सहभागी रहने आयोजकले जनाएको छ।

# सेफ्टी ट्यांकीमा डुबेर दुई बालबालिकाको मृत्यु



**टुडे समाचारदाता**

रौतहट । रौतहटको चन्द्रपुर नगरपालिका-१० स्थित बिनुवा टोलमा सेफ्टी ट्र्यांकीमा डुबेर दुई जना बालबालिकाको ज्यान गएको छ।

जिल्ला प्रहरी कार्यालय रौतहटले दिएको जानकारी अनुसार सोमबार साँझ खेल्ने क्रममा १ वर्षीया खुश्बु साह र १ वर्षीय रञ्जे साह प्लाइले मात्र छोपिएको शौचालयको सेफ्टी ट्र्यांकीमा खसेर डुबेका थिए।

खुश्बु स्थानीय जगदीश साहकी छोरी हुन् भने रञ्जे गम्भीरा साहका छोरा हुन्। डुबेको थाहा पाउने वित्तिकै परिवार र स्थानीयले उनीहरूलाई तत्काल उद्धार गरी चन्द्रनिगाहपुर स्थित प्राथमिक स्वास्थ्य केन्द्र पुऱ्याएका थिए। तर चिकित्सकले दुवै बालबालिकालाई मृत घोषणा गरे।

सो घटनापछि इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरबाट खटिएको प्रहरी टोलीले घटनास्थलमा पुगेर आवश्यक अनुसन्धान सुरु गरेको छ। हाल दुवै बालबालिकाको शव पोस्टमार्टमका लागि सोही स्वास्थ्य केन्द्रमा राखिएको प्रहरीले जनाएको छ।

# प्रथम शेरबहादुर देउवा कप सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रथम शेरबहादुर देउवा कप राष्ट्रिय कराते प्रतियोगिता २०८२ सम्पन्न भएको छ।

सो प्रतियोगितामा सहभागी मधेश प्रदेश टिमले १ स्वर्ण पदक , १ रजत पदक र २ कास्य पदक जित्न सफल भएको नेपाल कराँते महासंघ धनुषाका अध्यक्ष वीरेन्द्र कर्णले जानकारी दिए।

सो पदक बिजेता खेलाडीहरुमा राकेश मानन्धर - स्वर्ण पदक (धनुषा ), पोर्सिया चौधरी - रजत पदक (सिरहा), सरोज पासवान - कास्य पदक (सिरहा) र आदित्य कालिकोटे - कास्य पदक (महोत्तरी ) रहेका छन्।




## मानसिक स्वास्थ्य प्रति सचेत बनौं

- निराश हुनु,
- तनाव तथा चिन्तित महशुस हुनु,
- बेला बेलामा डर लाग्नु,
- पसिना आउनु,
- गहिरो निन्द्रा नपर्नु लगायत मानसिक रोगका लक्षण हुन सक्छन् ।

**मानसिक समस्या निदानको लागिः**

- नियमित व्यायाम गरौं,
- आफ्ना भावना खुल्ला रुपमा व्यक्त गरौं,
- परिवार र साथीहरुसंग समय बिताऔं,
- योग, ध्यान वा मनपर्ने गतिविधिमा संलग्न होऔं,
- आवश्यक परेमा मानसिक स्वास्थ्य विशेषज्ञसंग परामर्श गरौं ।

"स्वस्थ मन, सुखी जीवन"

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८